# भरतपुर उपमहानगरपालिका

## भरतपुर, चितवन

आ. व. २०७२/०७३

# सामाजिक परीक्षण प्रतिवेदन

# कार्यकारी सारांश

सामाजिक परीक्षण बाट ससरोकारवालाले सामाजिक कार्य सम्पादनकालागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । यसकारण स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सो आर्थिक वर्षको सामाजिक परीक्षण हो ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । स्थानीय निकायबाट भएका कामहरूले हासिल गरेका सामाजिक उपलब्धिको विश्लेषणबाट कार्य सम्पादन, अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई टेवा पुग्ने गर्दछ र भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् ।

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ मा स्थानीय निकायहरू ले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र समाजिक परीक्षण गरी सक्नु पर्ने प्रावधान छ । यसैअनुसार सामाजिक परीक्षण कार्यविधि, २०६७ को अधिनमा रही भरतपुर उपमहानगरपालिका, चितवनको आ.व.०७२।०७३ को सामाजिक परीक्षण गरिएको छ ।

भरतपुर उपमहानगरपालिका, चितवनको आ.व.०७२।०७३ को सामाजिक परीक्षण गर्ने क्रममा सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय निकायसँग सम्बन्धीत विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । त्यस्तै, उपमहानगरपालिका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्बन्धीत कर्मचारी तथा सरोकारवालाहरू सँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । नगरपालिका र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरूको विवरण सामाजिक परीक्षण कार्यविधि २०६७, अनुसूची २ र ३ बमोजिमको विवरण समेत संलग्न गरिएको छ

भरतपुर उपमहानगरपालिका को सामाजिक जिम्मेवारी सम्पादनतर्फ यस सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु यसप्रकार छन् - व्यवस्थित उद्यमशील सहरको लक्ष्य लिएको, विगतमा नगरपालिकाको रुपमा रहेको भरतपुर हाल उप- महानगरपालिकाको रुपमा स्तरबृद्धि हुदै क्षेत्र विस्तार समेत भएको, सामाजिक परिचालनका कार्यक्रम मार्फत् समुह गठन, परिचालन र विभिन्न योजनाहरुको कार्यन्वयन हुनु, बालश्रम न्यूनीकरणका लागि स्थानीय गैसससँगको समन्वयमा प्रभावकारी कार्य सम्पादन हुनु, सामाजिक सुरक्षा कार्यक्रम अन्र्तगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइनु, योजना कार्यन्वयनमा महिला तथा पिछडावर्गको सहभागितामा वृद्धि हुनु, खानेपानी तथा सरसफाईमा सुधार आउनु, स्वास्थ्य सेवाको

पहुँचमा सुधार आउनु, विद्यालयको भौतिक पूर्वाधार बिस्तार हुनु, वातावरण सुधारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु, गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्न आर्थिक स्रोत जुटाइनु,

विस्तारित वडाका बासिन्दाहरुमा विगतमा गाविसमा रहँदा त्यहाँबाट पाईरहेको सेवा सुविधा समेत नपाएको, विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्न नसकिएको थानीय स्तरमा रोजगारीका अवसरहरु वृद्धि र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण नसकिएको उपलब्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न नसकिएको विषयगत कार्यालयहरू सँग प्रभावकारी समन्वयमा नहुनु, सम्बन्धीत तथ्याङ्क अध्यावधिक नहुनु, बजेट ढिलो निकासा हुने, आवश्यक जनशक्तिको कमी, कतिपय आयोजना कार्यान्वयन गर्ने क्रममा वातावरणिय परीक्षण/प्रभाव मुल्याङकन  नगरी योजना परिषद्बाट पास गर्ने गरिएको, ल्यान्डफिल्ड साइटको अभाव, आयोजनाहरू को प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन नहुनु, सञ्चालन गरिएका योजनामार्फत् दीगो विकासमा जोड दिन नसकिएको तथा आयोजनाहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार गर्न नसकिएको आदि यस सामाजिक परीक्षणबाट देखिएका भरतपुर उपमहानगरपालिका चुनौती वा कमीकमजोरीहरू  हुन्।

यसैगरी यस उपमहानगरपालिका ले आगामी दिनमा सामाजिक जिम्मेवारी पुरागर्न तपसिल बमोजिमका कदम चाल्न वा सुझाव प्रदान गरिएको छ।

- नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा नगर परिषद् पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने।
- वार्षिक योजना तथा नीतिहरू  तयार गर्दा राष्ट्रिय नीति र उपमहानगरपालिका को आवधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरू लाई ध्यान पुऱ्याउनु पर्ने।
- रोजगारमूलक र गरिबी निवारण लक्षित योजनाहरू अझै प्रभाबकारी रुपमा समावेश हुनु पर्ने।
- नगरको समग्र विकासकालागि अन्य विषयगत कार्यालय तथा गैससँगको समन्वयमा कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने।
- बालक्लव गठन गर्दा लक्षित/खास बालबालिकाको सहभागिताको सुनिश्चित गर्ने।
- कार्यक्रम र कार्यालयहरू को बिस्तार सँगै आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास समेत गर्नुपर्ने।
- स्थानीय गै.स.सहरू ले आफ्नो कार्यक्षेत्रमा वातावरणलाई समेत प्राथमिकता दिनुपर्ने।
- अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकतादिनुपर्ने।
- पुनःर्स्थापना केन्द्रहरू को विकास र बिस्तारमा ध्यान दिनुपर्ने।
- ऐन, नियम, नियमावली, निर्देशिका अनुसार लक्षित वमर्गको लागि अझै प्रभाबकारी रकम विनियोजन गरी सोहि अनुसार कार्यन्वयन गर्नुपर्ने।
- करको दर एवं दायरा लगायत अन्य वैकल्पिक उपायहरू को  पहिचान गरी आन्तरिक आयमा वृद्धि गर्दै लैजानुपर्ने।
- वस्ती एवं वडास्तरबाट प्राथमिकिकरणको आधारमा छनौंट भई आएका आयोजनाहरू लाई उच्च प्राथमिकता  दिनुपर्ने।
- आवासिय, कृषि, औद्योगिक, व्यापारिक र शैक्षिक क्षेत्रहरूको किटानी गरिनुपर्ने।
- फोहोर सङ्कलनगर्ने साधानहरूको संख्यामा वृद्धि तथा आवश्यक व्यवस्था गर्नुपर्ने।

- फोहोर व्यवस्थापनको लागि उचित स्थानमा ल्याण्डफिल्ड साईट निर्माण गरी फोहोरको व्यवस्थापन गर्नुपर्ने ।
- उपमहानगरपालिका  कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।
- भूकम्प, आगलागि, बाढी, महामारी लगायतका प्राकृतिक एवम् मानवीय विपद्को जोखिम घटाउन तथा सामना गर्न निर्माण गरिएको नगरस्तरीय विपद् व्यवस्थापन योजना कार्यान्वयनका लागि आवाश्यक व्यवस्था मिलाउनुपर्ने ।
- अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी बनाउनुपर्ने ।

## विषय सूची

**१. पृष्ठभूमि ------------------------------------------------------------------------------------------1**

**२. उद्देश्य ------------------------------------------------------------------------------------------2**

**३. सामाजिक परीक्षण अध्ययन विधि ------------------------------------------------------------------3**

*३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन------------------------------------------------------------3*

*३.२ अन्तरवार्ता र समूह छलफल----------------------------------------------------------------3*

*३.३ उपमहानगरपालिकाका सेवाग्राही, स्थानीय नेतृत्वसंग भेटघाट, छलफल----------------------3*

*३.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल ३*

**४. अध्ययनका सीमा------------------------------------------------------------------------------4**

**५. बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण------------------------4**

*५.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी--------------------------------------------------------4*

*५.२ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल----------------------------------------------------4*

*कार्यक्रम सञ्चालन विधि* ------------------------------------------------------------------5

*कार्यक्रमको विस्तृत विवरण*-----------------------------------------------------------------6

**६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरू को विवरण--------------------------7**

**७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू--------------------------------------------------7**

**८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी/कमजोरीहरू--------------------------------------7**

**९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरू -------------------------------------8**

**स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि– २०६७ को अनुसूची २ बमोजिमको प्रतिवेदन------------------10**

*१. महानगरपालिकाको परिचय----------------------------------------------------------------10*

*२. प्राथमिकता तथा लक्ष्यहरू--------------------------------------------------------------12*

*३. गतवर्षको मुख्य मुख्य उपलव्धिहरू----------------------------------------------------------24*

*४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू----------------------------------------------------------27*

*५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा----------------------------------------40*

*६. गतवर्ष भोगेका समस्याहरू--------------------------------------------------------------51*

*७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव ----------------------------------------------51*

**स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि– २०६७, अनुसूची ३ बमोजिम समावेश गरिएका विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरूको विवरण ---------------------------------------------------------------- 53**

*क) भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, भरतपुर* ----------------- **Error! Bookmark not defined.**

*ख) दियालो परिवार, भरतपुर* ------------------------------------------------------------------------- *55*

*ग) युथ क्लव– नारायणगढ, चितवन*-------------------------------------------------------------------- *55*

**अनुसूचीहरु ----------------------------------------------------------------------------------------- 62**

*अनुसूची १ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको छलफलको क्रममा सहभागीहरूले व्यक्त गरेका विचार, सुझाव, प्रतिक्रिया तथा प्रतिबद्धताको सारसंक्षेप* ------------------------------------------------ *65*

*अनुसूची २ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थित हुन पठाइएका पत्रहरु*---------------------

*अनुसूची ३ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थित हुन प्रकाशन गरिएको सार्वजनिक सूचना*----

*अनुसूची ४ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको उपस्थिति तथा माइन्युट*--------------------------

# भरतपुर उपमहानगरपालिका भरतपुर, चितवनको आ.व. ०७२/७३ को सामाजिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

सामान्य अर्थमा 'सामाजिक परीक्षण' भनेको कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनकालागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा सामाजिक परीक्षणलाई "सामाजिक जिम्मेवारीको लेखाजोखा" भनेर परिभाषित गरिएको छ । यसकारण स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्बन्धीत स्थानीय निकायको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू) ले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र समाजिक परीक्षण गरी सक्नुपर्छ । यसैगरी स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ ले गरेको व्यवस्था अनुसार सामाजिक परीक्षणका लागि स्थानीय निकायले सो निकायसँग प्रत्यक्ष सम्बन्ध नभएका दुई विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ । साथै, निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समितिको गठन समेत गर्न सक्दछ । तर, समन्वय समितिको गठन बाध्यात्मक भने छैन ।

सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्ने गर्दछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना

तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०६७ को अधिनमा रही भरतपुर उपमहानगरपालिका, चितवनको आ.व.०७२।०७३ को सामाजिक परीक्षण गरिएको छ ।

## २. उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप भरतपुर उपमहानगरपालिका ले एक आर्थिक वर्ष (आ.व. २०७२/०७३) मा समग्र सामाजिक उत्तरदायित्व पूरा गरे/नगरेको परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै उपमहानगरपालिका लाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

बिशेषत सामाजिक परीक्षणको प्रमुख सिद्धान्त ग्रामीण गरीब सेवाग्राहीका चाहना र प्राथमिकतालाई ध्यानमा राखेर बिभिन्न नीतिगत निर्णयको विश्लेषण र जाँचबुझ गर्ने, अपेक्षित सामाजिक उद्देश्य अनुरुप कार्यसम्पादनमा निरन्तर सुधार गर्नुका साथै सेवाग्राहीहरुको सार्वजनिक सेवामा समयमै पहुँच नपुगेकोमा अवसरमूल्यको आँकलन ( Estimation of opportunity Cost) गर्नु पनि हो । स्थानीय विकासका लागि आबश्यकता र उपलव्ध साधन तथा भौतिक रं वित्तीय साधन बीचको अन्तरको समीक्षा गर्ने, सेवाग्राहीहरु र स्थानीय सामाजिक सेवा प्रदायकहरुमा उत्पादनशील सेवाको बिषयमा चेतना जगाउने, स्थानीय विकास कार्यक्रमहरुमा कार्यकुशलता तथा प्रभावकारिता अभिबृद्धि गर्नु पनि सामाजिक परीक्षणको उद्देश्य हो ।

यस सामाजिक परीक्षणको प्रमुख्य उद्देश्य भरतपुर उपमहानगरपालिका चितवनले आर्थिक वर्ष २०७२।०७३ मा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखा गर्नु हो भने विशिष्ट उद्देश्यहरु यसप्रकार छन् ।

- भरतपुर उपमहानगरपालिका, चितवनबाट आर्थिक वर्ष २०७२/०७३ मा सार्वजनिक अधिकार, सार्वजनिक साधन र स्रोतको उपयोग गरी यस उपमहानगरमा सामाजिक उत्तरदायित्व पूरा गर्नका लागि सञ्चालित योजनातथा कार्यक्रमबाट प्राप्त भएको सामाजिक उपलब्धिको लेखाजोखा गर्ने
- सामाजिक जिम्मेवारी पुरा गर्ने क्रममा भोगेका समस्या, चुनौति तथा कमी कमजोरीहरुको विश्लेषण गर्ने
- सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमताको विश्लेषण गर्ने
- सुधारको लागि आगामी दिनमा चाल्नुपर्ने कदमहरुको पहिचान गर्ने

## ३. सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक परीक्षणको कार्यलाई अनुसन्धानात्मक ढंगबाट अगाडि बढाउने क्रममा देहाय बमोजिमका विधिहरूको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य

आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)

सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना

गत आर्थिक वर्षको सामाजिक परीक्षणको प्रतिवेदन

नागरिक बडापत्र

वार्षिक तथा चौमासिक प्रतिवेदनहरू

भरतपुर उपमहानगरपालिका अन्य प्रकाशनहरू

### ३.२ अन्तरवार्ता र समूह छलफल

उपमहानगरपालिका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धीत कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

### ३.३ उपमहानगरपालिकाका सेवाग्राही, स्थानीय नेतृत्वसंग भेटघाट, छलफल

भरतपुर उपमहानगरपालिकाका बार्षिक कार्यक्रमहरु सञ्चालित कार्यक्रमको प्रभावकारिता र ती आयोजना प्रति सेवाग्राहीको राय बुझ्ने उद्येश्यका साथ बिभिन्न स्थानहरुको भ्रमण गरि स्थानीय राजनीतिक दलका नेतृत्व, उपभोक्ता समिति आदिसंग अन्तरक्रियात्मक छलफल सम्पन्न भएको छ । यस क्रममा उपमहानगरपालिकासंग समन्यात्मक रुपमा सहकार्य गरि बिभिन्न कार्यक्रमहरु सञ्चालन गरेका स्थानीय गैरसरकारी संस्था र कार्यक्षेत्रमा गई स्थानीय लाभान्वित व्यक्तिहरुसंग अन्तरकिर्या कार्यक्रम सम्पन्न भएको छ ।

### ३.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहायअनुसारका शीर्षकमा केन्द्रीकृत रही  छलफलका लागि प्रस्तुत गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

## ४. अध्ययनको सीमा

भरतपुर उपमहानगरपालिकाको सामाजिक परीक्षण भएता पनि नगर क्षेत्रमा कृयाशील र नगर विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान दिने केही सरकारी तथा गैह्रसरकारी संस्थाहरू बाट भएका प्रयास तथा उपलब्धिलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ । छोटो समयावधि र सीमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस किसिमका सम्पूर्ण संस्थाहरू लाई भने समावेश गर्न सकिएको छैन । साथै, अधिकांश सूचनाहरू द्वितिय श्रोतबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।

## ५. बृहत् छलफल (प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल) कार्यक्रमको विवरण

### ५.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित भई अन्तरक्रियामा सहभागी हुन उपमहानगरपालिका का प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरीक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पीछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरीक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) लाई पत्र तथा टेलिफोनमार्फत् आमन्त्रण गरिएको थियो । यसैगरी स्थानीय दैनिक पत्रिका मा सार्वजनिक सूचना प्रकाशन गरी सरोकारवालाहरू लगायत सम्पूर्ण सर्वसाधारण नागरीकलाई समेत सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन आमन्त्रण गरिएको थियो ।

### ५.२ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

क) मितिः २०७३ कात्तिक २९ गते

ख) स्थान : भरतपुर उपमहानगरपालिकाको सभाहल

ग) समय : ११:३० देखि ३:०० बजेसम्म

## ५.३ कार्यक्रम सञ्चालन विधि

सन्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफल बाट प्राप्त सूचना तथा नतिजाको आधारमा सामाजिक परीक्षकद्वारा तयार गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक वहश कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो । सो कार्यक्रम सञ्चालन गर्दा सामाजिक परीक्षण कार्यविधि, २०६७ ले निर्देशित गरेबमोजिमका विधिहरू को अनुसरण गरिएको थियो । यसप्रकार सो कार्यक्रममा तपसिल बमोजिका कृयाकलापहरू  समाविष्ट गराइएका थिए ।

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका ( सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था समेत उल्लेख गरी) राखिएको थियो ।
- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान गरिएको थियो
- सामाजिक परीक्षकबाट अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गरिएको थियो :-
  - स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा)
  - स्थानीय निकायले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति
  - स्थानीय निकायले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
  - स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
  - वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरीक, तथा पीछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता
  - स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
  - सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू
- सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकद्धारा टिपोट गरिएको थियो । सहभागीले राखेका जिज्ञासा तथा विचारमा उपमहानगरपालिका, विषयगत कार्यालय, गैसस तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु भएको थियो ।
- सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयार गरी प्रतिवेदनमा समावेश गरिएकोछ ।

## ५.४ कार्यक्रमको विस्तृत विवरण

२०७३ कात्तिक २९ गते भरतपुर उपमहानगरपालिकाका आ.व. २०७२/०७३ को सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरणको कार्यक्रम बिहान ११:३० बजे शुरुवात भएको थियो । भरतपुर उपमहानगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री महेश बराल को अध्यक्षतामा सञ्चालन भएको सो कार्यक्रमको शुरुमा भरतपुर उपमहानगरपालिकाका सामाजिक विकास अधिकृत श्री तुलसी श्रेष्ठ ले नगरपालिकाका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरीक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पीछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरीक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरू लाई आसन ग्रहण गराउनुभएको थियो भने भरतपुर उपमहानगरपालिकाका को योजना तथा शहरी विकास शाखा प्रमुख तथा वरिष्ठ इन्जिनियर भरतकुमार आचार्यले स्वागत मन्तव्य राख्नुभयो । तत्पश्चात् परामर्शदाता संस्था मिडिया कन्सल्टेन्सी नेपाल को तर्फबाट प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरणको कार्यक्रम शुरु भयो ।

पहिलो प्रस्तुतिमा सामाजिक परीक्षणको उद्देश्य, प्रक्रिया तथा उपादेयताका बारेमा प्रष्ट्याउँदै प्रस्तुतिकरणको कार्यक्रमलाई बढीभन्दा बढी अन्तरकृयात्मक बनाउन सहभागी सम्पूर्णलाई अनुरोध गरियो साथै, सो कार्यक्रमको अनुमानित समय तथा सहभागीहरू ले पालना गर्नुपर्ने आचारसंहिताका बारेमा समेते जानकारी गराएको थियो । दोस्रो प्रस्तुतिमा सामाजिक परीक्षक ले सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसूची २ र ३ अनुसार तयार गरिएको प्रारम्भिक प्रतिवेदनलाई प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिकरणको क्रममा भरतपुर उपमहानगरपालिकाकाले आ.व. २०७२/०७३ का योजनाहरू र सामाजिक जिम्मेवारीको साथै, आगामी दिनमा भरतपुर उपमहानगरपालिकाका ले सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू समेत पेश गर्नुभएको थियो ।

समग्रमा प्रस्तुतिकरणमा समावेश भएका विषयवस्तुहरू  यसप्रकार थिए ।

- कार्यक्षेत्र ( भरतपुर उपमहानगरपालिकाका ) को परिचय
- भरतपुर उपमहानगरपालिकाका को प्राथमिकता तथा लक्ष्यहरू
- गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

परामर्शदाता टोलीको प्रस्तुति सकिनसाथ सहभागीहरू लाई सो प्रस्तुतिकरणको सम्बन्धमा आफ्ना विचार,,सुझाव तथा प्रतिक्रिया राख्न  गर्न उपस्थित सम्पूर्णलाई अनुरोध गरियो । छलफलको

कार्यक्रमलाई व्यवस्थित बनाउन बोल्न इच्छुक सहभागीहरू लाई नम्बरिङ गरिएका मेटाकार्ड उपलब्ध गराएर उक्त मेटाकार्डमा आफ्नो नाम, ठेगाना तथा बोल्न चाहेको विषयवस्तुको बारेमा लेख्न अनुरोध गरिएको थियो । त्यसपछि नम्बर अनुसार पालैपालो बोल्ने समय प्रदान गरियो । सहभागीहरूले राखेका विचार, प्रतिक्रिया तथा सुझावको सारसंक्षेप अनुसूची १ मा प्रस्तुत गरिएको छ ।
सहभागीहरू को बोल्ने क्रम सकिएपछि नगरपालिकाका प्रमुख एवम् कार्यकारी अधिकृत श्री महेश बराल ले सामाजिक परीक्षणले औंल्याएका कमी कमजोरीहरू लाई भविष्यमा नदोहोरिने गरी सुधार गर्ने र यसबाट प्राप्त हुने सल्लाह सुझाव लाई आगामी दिनमा पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

## ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरू को विवरण

कार्यविधिको **अनुसूची** २ र ३ बमोजिमको विवरण संलग्न गरिएको छ ।

## ७. सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरू

- सामाजिक परिचालनका कार्यक्रम मार्फत् समुह गठन, परिचालन र विभिन्न योजनाहरुको कार्यन्वयन भएको
- बालश्रम न्यूनीकरणका लागि स्थानीय गैससहरूसँगको समन्वयमा प्रभावकारी कार्य सम्पादन भएको
- सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइएको
- योजना कार्यन्वयनमा महिला तथा पिछडावर्गको सहभागितामा वृद्धि भएको
- खानेपानी तथा सरसफाईमा सुधार आएको
- स्वास्थ्य सेवाको पहुँचमा सुधार आएको
- विद्यालयको भौतिक पूर्वाधार बिस्तार भएको
- वातावरण सुधारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका
- गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्न आर्थिक स्रोत जुटेको
- मोबाईल याप्स सन्चालन मा आएको
- वातावरण मैत्री वडा घोषणा
- महिलालाई लक्षित गरी लोक सेवा आयोग तयारी कक्षा संचालन

## ८. सामाजिक परीक्षणबाट देखिएका चुनौती वा कमी/कमजोरीहरू

- स्थानीय निकायहरू र विषयगत कार्यालयहरू सँगको समन्वयमा कमी ।
- जिल्लास्थित विषयगत कार्यालयमा नगरपालिकाभित्रको मात्रै तथ्याङ्क उपलब्ध नहुनु साथै नगरपालिकामा पनि सो किसिमका तथ्याङ्क अध्यावधिक नभएको ।
- बजेट ढिलो निकासा हुने जसले गर्दा कार्यक्रम सञ्चालनमा पनि ढिलाई हुने गरेको ।
- कार्यक्रम र कार्यक्षत्रको तुलनामा आवश्यक जनशक्तिको कमि ।

- ल्यान्डफिल्ड साइटको अभावले गर्दा फोहरमैला व्यवस्थापन कार्यमा समस्या भएको
- साना प्रकृतिका आयोजनाहरू धेरै भएकाले प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्न नसकिएको
- साना प्रकृतिका धेरै योजनाहरूको माग भई आउने हुनाले दीगो विकासमा जोड दिन नसकिएको
- लक्षित वर्गको लागि स्थानीय निकायको नियमावलीमा व्यवस्था भए बमोजिमको न्यूनतम प्रतिशत रकम विनियोजन गरी प्रभावकारी कार्यन्वयन हुन नसकेको ।
- आयोजनाहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार कार्य गर्न नसकिएको ।

## ९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरू

- नागरिक बडापत्र सबै वडामा स्पष्ट र देखिने  ठाउँमा राख्न पर्ने
- विस्तारित वडा लाई उच्च प्राथमिकतामा राख्न पर्ने
- योजनाहरु बनाउदा सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण आदिका प्रतिवेदनहरुलाई मध्यनजर गर्नु पर्ने ।
- राष्ट्रिय स्तरमा उठाउनु पर्ने साझा सवाल उठानका लागि  सामुहिक पहल गर्नु पर्ने । सेवा प्रवाह, तथ्याङ्क भण्डारण, प्रतिवेदन प्रकाशन लगायतका विषयमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन दिन पर्ने
- उद्यमशिलताको प्रवर्द्धन गर्न निजी क्षेत्रका संघ संस्थाहरुको सहकार्यलाइ प्राथमिकता दिनु पर्ने
- आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीको रणनीतिलाई विशेष प्राथमिकता दिनु पर्ने
- स्थानीय स्तरमा स्थानीय निकायहरु ले सेवाप्रदायक सस्थाहरुको वर्गिकरण, उनिहरुको क्षमता विश्लेषण तथा कार्य दक्षताको आधारमा कार्य सम्पादनमा सहयोगी बनाउने ।
- संचालित विकासका कार्यक्रमहरुमा जवाफदेहीता, पारदर्शीता तथा उत्तरदायित्वहरुको सुनिश्चितता प्रदान गर्न सरोकारवालाहरुको सम्लग्नता एवम् सामाजिक परिक्षणका गतिविधिहरुलाई अझ फराकिलो पार्दै लग्ने ।
- उपमहानगरपालिकाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा नगर परिषद् पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- उपमहानगरपालिकाको वार्षिक योजना तथा नीतिहरू  तयार गर्दा राष्ट्रिय नीति र उपमहानगरपालिकाको आवधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरू लाई ध्यान पुऱ्याउनु पर्ने ।
- रोजगारमूलक र गरिबी निवारण लक्षित योजनाहरू  समावेश हुनु पर्ने ।
- अल्पकालिन योजनालाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिनुपर्ने ।
- करको दर एवं दायरा लगायत अन्य वैकल्पिक उपायहरू को  पहिचान गरी आन्तरिक आयमा वृद्धि गदै लैजानुपर्ने ।

- वस्ती एवं वडास्तरबाट प्राथमिकिकरणको आधारमा छनौंट भई आएका आयोजनाहरू लाई उच्च प्राथमिकता  दिनुपर्ने ।
- आवासिय, कृषि, औद्योगिक, व्यापारिक र शैक्षिक क्षेत्रहरूको किटानी गरिनुपर्ने ।
- भूकम्प, आगलागि, बाढी, महामारी लगायतका प्राकृतिक एवम् मानवीय विपद्को जोखिम घटाउन तथा सामना गर्न नगरस्तरीय विपद् व्यवस्थापन योजना कार्यान्वयनका लागि आवाश्यक व्यवस्था मिलाउनुपर्ने ।
- अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी बनाउनुपर्ने ।

## स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७ को अनुसूची २ बमोजिमको

## प्रतिवेदन

## भरतपुर उपमहानगरपालिकाका, चितवन
## आर्थिक वर्ष २०७२।०७३

### १. उपमहानगरपालिकाको परिचय

पवित्र नारायणी नदी किनार तथा प्रसिद्ध धार्मिकस्थल देवघाटधामको काखमा अवस्थित भरतपुर उप महानगरपालिका ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक आदि रूपले मुलुककै अग्रणी नगरीको रूपमा आफ्नो पहिचान बनाएको छ । वि.सं. २०३५ सालमा तत्कालीन भरतपुर गाउँ पञ्चायत र नारायणगढ गाउँ पञ्चायतलाई मिलाई भरतपुर नगर पञ्चायतको रूपमा रही २०४८ साल देखि भरतपुर नगरपालिकाको रूपमा संचालित भएकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।०८।१६ को निर्णयले यस भरतपुर नगरपालिकालाई आसपासका पाँच गा.बि.स. मगंलपुर ,फुलबारी , गीतानगर , शिवनगर र पटिहानी समावेश गरि भरतपुर उप-महानगरपालिकामा स्तरोन्नती गरिएको छ । राज्यको केन्द्र भागमा रहेको यो नगर प्रमुख व्यापारिक केन्द्र हो । भरतपुरको उत्तरतर्फ नवलपरासी जिल्ला र नारायणी नदी, पूर्वतर्फ वरण्डाभार जंगल पर्दछ भने पश्चिमतर्फ चित्रवन नगरपालिका र नारायणी नदी र दक्षिणतर्फ नारायणी नगरपालिका. तथा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन् । यो नगर पूर्व पश्चिम राजमार्ग र काठमाडौं-वीरगञ्ज सहकको मध्यभागमा पर्छ । यहाँबाट राजधानी काठमाडौं १२६ कि.मी, तथा प्रमुख शहरहरू पोखरा १२६ कि.मी., बुटवल ११४ कि.मी. र वीरगञ्ज १२५ कि.मी.को दूरीमा अवस्थित छन् ।

- स्थापना : वि.सं. २०३५ (१९७९ ई.सं.) नगरपंचायतको रूपमा
  : वि.सं. २०४८ नगरपालिकाको रूपमा
  : बि.सं २०७१ मसिर १६ उप- महानगरपालिका घोषणा

- कूल क्षेत्रफल : १६६.७३ वर्ग कि.मि.
- जम्मा जनसंख्याः १९९८६७
  महिलाः-१०२६७५
  पुरूषः-९७१९२
- घरधुरी सख्याः ५०४९९ ( जनगणना २०६८ अनुसार
- जनसंख्या बृद्धिदर : ३.९१ % (२०६८ को जनगणना अनुसार
- वडा संख्या : २९

## भौगोलिक अवस्थिति

भौगोलिक रुपमा भरतपुर नगरपालिका २७° ३७' ३३" देखि २७° ४५' ३५" उत्तरी अक्षांश र ८४° २१' ३१" देखि ८४° २९' ०५" पूर्वी देशान्तरमा पर्दछ । यो क्षेत्र समुद्री सतहबाट १८१ मिटर देखि २७१ मिटरसम्मको उचाईमा रहेको छ ।

## सिमाना

| | |
|---|---|
| पूर्व | : राष्ट्रिय निकुञ्ज (वरण्डाभार जंगल) |
| पश्चिम | : चित्रवन नगरपालिका र नारायणी नदी |
| उत्तर | : नवलपरासी जिल्ला र नारायणी नदी |
| दक्षिण | : नारायणी नगरपालिका. तथा चितवन राष्ट्रिय निकुञ्ज |

## राजनैतिक एवम् प्रशासनिक विभाजन

| | |
|---|---|
| विकास क्षेत्र | : मध्यमाञ्चल |
| अंचल | : नारायणी |
| जिल्ला | : चितवन |
| सदरमुकाम | : भरतपुर |

## हावापानी

| | |
|---|---|
| औषत वर्षा | : १५०० मी.मी. |
| औषत तापक्रम | : २५ डि.से. |
| न्यूनतम तापक्रम | : ७ डि.से. |
| अधिकतम तापक्रम | : ४० डि. से. |
| प्रमुख नदीहरू | : नारायणी नदी, पुंगी खोला र केरुंगा खोला । |

## भु-उपयोगको स्थिति

नारायणगढ, नगरपलिकाको मुख्य बजार केन्द्र हो । यहाँका प्राय: सबै जसो जमिनको हिस्सा भौतिक संरचनाहरूले ढाकेका छन् । वडा नं. ३, वडा नं. १० को उत्तरी क्षेत्र ,वडा नं. ४ को पूर्वी क्षेत्र, १ नं.को दक्षिणी केही अंश, वडा नं. २ को उत्तर-पश्चिम क्षेत्रहरूलाई शहर केन्द्रका रुपमा वा मुख्य बजार केन्द्रको रुपमा लिन सकिन्छ । त्यस्तै गरेर वडा नं. २, ४, ६, ५, ७, १०, ११, १२ लाई शहर बिस्तारित क्षेत्रको रुपमा लिन सकिन्छ । वडा नं ८, १३, १४ अहिलेसम्म पनि कृषि उपयोगमा नै रहेको पाइन्छ ।

| भू-स्थिति | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (प्रतिशत) |
|---|---:|---:|
| कृषि | ४,४८९.८ | ५७.६ |
| जंगल | २,५१०.४ | ३२.२ |
| आवास तथा व्यापारिक | ३९०.४ | ,५.० |
| पानी | ३३६.२ | ४.३ |
| खाली जमिन | ६१.३ | ०.८ |
| **जम्मा** | **७,७८८.१** | **१००.०** |

**स्रोत:** *Socio Economic Profile & Urban Indicators of Bharatpur Municipality, 2008*

**शैक्षिक स्थिति**

| क.स | शैक्षिक संस्थ विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक विद्यालय | २३ | |
| २ | निम्न माध्यमिक विद्यालय | १२ | |
| ३ | उच्च माध्यमिक र माध्यामिक विद्यालय | २८ | |
| ४ | प्राविधिक विद्यालयय (निजी) | ३ | |
| ५ | महाविद्यालय | ४ | १ सरकारी, ३ सामुदायिक |
| ६ | अन्य | ८ | |

- ४ वटा सार्वजनिक पुस्तकालयका साथै विद्यालय तथा क्याम्पसका पुस्तकालयहरू
- साक्षरता प्रतिशत : ८५.६३

**धार्मिक , सांस्कृतिक, एवम् पर्यटकीय स्थल**

नगरपालिकाको वडा नं. १ मा पर्ने पवित्र तीर्थस्थल देवघाट कालीगण्डकी र नारायणी नदीको सँगमस्थलमा रहेको छ। यसैगरी गणेश स्थान, बागेश्वरी मन्दिर, गौरेश्वर मन्दिर, हरिहर मन्दिर, दुर्गा मन्दिर, पशुपतिनाथ मन्दिर, दियालो बंगला दरबार आदि महत्वपूर्ण सांस्कृतिक तथा सामाजिक स्थलहरू हुन् ।

## २. प्राथमिकता तथा लक्ष्यहरू

**दीर्घकालीन सोच :** भरतपुर नगरपालिका "व्यवस्थित उद्यमशील शहर"

**लक्ष्य :** नगरको सर्वाङ्गीण विकास तथा जनसेवा गर्ने ।

**उद्देश्यः**

- सम्पूर्ण नगरवासीको न्यूनतम सहरी सेवा तथा सुविधामा समान पहुँच गराउने ।
- शिक्षामा सबैको सर्वसुलभ, समन्यायिक एवम् समावेशी विशेषगरी महिला तथा सामाजिक रुपले पछाडि पारिएका विपन्न वर्गका व्यक्तिहरूको पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।
- नियमित र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सर्वसुलभ गराई नगरवासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउने
- सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा महिलाहरूको भूमिकालाई सशक्त बनाउनुका साथै महिला विरुद्धका विभिन्न प्रकारका लैंगिकतामा आधारित हिंसा एवम् विभेदको अन्त गरी समानता/समतामुलक समाज निर्माण गर्ने ।
- बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि अनुकुल, बालमैत्री वातावरण सिर्जना गरी उनीहरूका मौलिक हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने ।

- ज्येष्ठ नागरीकहरूको ज्ञान, सीप र अनुभवलाई सामाजिक र आर्थिक कार्यक्रममा उपयोग गरी उनीहरूको जीवनस्तर सहज, सुरक्षित र सम्मानित जीवनयापनका लागि सेवा तथा सुविधाहरूको विस्तार गर्ने ।
- आर्थिक रुपले जोखिममा रहेका तथा  सामाजिक रुपले पछाडि पारिएका दलित, उत्पीडित, भिन्न क्षमतावान एवम् सडक वालबालिका र सीमान्तकृत व्यक्ति र समुदायहरूलाई सामाजिक विकासको माध्यमबाट उनीहरूलाई सवल तथा विभिन्न आय आर्जनका अवसरहरूमा पहुँच बढाउने
- खानेपानी र सरसफाई जन्य सुविधाको दिगो प्रबर्द्धन तथा विस्तार मार्फत जनस्वास्थ्य, उत्पादकत्व एवम् समग्र जीवनस्तर उकास्न टेवा दिने ।
- सम्पूर्ण सरोकार पक्षहरूको सहकार्यमा व्यवस्थित सहरी विकासको लागि आवश्यक मापदण्ड तयार गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने ।

**महत्वपूर्ण नीतिहरु :**

- उद्यमशिलता बिकास एवं आयमुलक रोजगारी अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरी व्दन्द प्रभावित, महिला, दलित, आदिवासी, जनजाती र पछाडी पारेका जनसमुदायलाई लघुउद्यममा सहभागी गराइने नीति लिइने ।
- न.पा.को वडा नं ४ मा रहेको सब्जी मण्डी थोक बजारको बैकल्पिक ब्यवस्थापन गरि हालको संरचनालाई थप आय मुखी बनाइने ।
- पर्यटन क्षेत्रहरुको पहिचान र बिकास गरी दिगो आर्थिक बिकास र रोजगारीको सिर्जना गर्दै लगिने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरुको साझेदारी मा बालवालिकाको हित र कल्याणकोलागि सहयोगात्मक र पबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- जनस्वास्थ्यसंग सम्बन्धित  प्रतिरोधात्मक , निदानात्मक, प्रवर्द्धानात्मक, उपचारात्मक, तथा निरोधात्मक स्वास्थ्य सेवाको सिद्धान्त अनुसार सञ्चालन गरिने । सञ्चालनमा रहेको अत्यावस्यक स्वास्थ्य सेवालाई बिस्तार गरी सहश्राब्दी बिकास लक्ष्य प्राप्त गर्न योगदान पुरयाइने
- महिला स्वास्थ्य  (प्रजनन स्वास्थ्य ) र बाल स्वास्थ्य - खोप, पोषणमा थप जोड दिने
- नयाँ देखा परेका र बढदो जीवनसैलीसंग सम्बन्धित संक्रामक रोगहरुको नियन्त्रणकोलागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने ।
- लागू पदार्थ दुर्व्यसन तथा HIV/AIDS  रोकथाम तथा नियन्त्रणकोलागि बिशेष पहल गरिने
- खानेपानी  सुबिधा नपुगेका ठाउँमा जजनताको पहुँच बिस्तारको साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइने ।

- महिलालाई लक्षित गरी लोक सेवा आयोग तयारी कक्षा संचालनका साथै महलिाको आयमा बढोत्तरी हुने खालका सीप र क्षमता बिकासका कार्यक्रमहरु सञ्चालन गरिने ।
- भरतपुर उपमहानगरपालिकालाई बि.सं २०७६ सम्म बालमैत्री नगरको रुपमा घोषणा गरिने
- नगर यातायात गुरुयोजना तयार  गरी कार्यान्वयनमा लगिने ।
- सरकारी भवनहरु निर्माण गर्दा अपाङ्ग मैत्री भएमा मात्र नक्शा पास गर्ने नीति लिइने ।
- नक्शा पास गर्ने गराउने कार्यलाई तिब्रता दिन भूकम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतना कार्यक्रम सञ्चालन गरिने ।
- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार कार्य गर्ने र  कार्यालयलाई वातावरण मैत्री कार्यालयको रुपमा स्थापित गरिने ।
- नगरपालिका कार्यालयको आफनै website मार्फत सूचना प्रवाहलाई प्रभावकारी बनाइने

**. गत बर्षको मुख्य मुख्य कार्यक्रम**

- सडक निर्माण, सडक पिच, ढल निर्माण
- स्यानिटरी ल्यान्डफिल्ड साइट निर्माण सुरु
- बिद्यालयस्तरीय स्वास्थ्य शिक्षा कार्यक्रम
- किशोर किशोरी सम्बन्धी जनचेतनामुलक कार्यक्रम
- पोषणयुक्त खाना खाजा बितरण, बिद्यालय सहयोग कार्यक्रम
- बालकोष स्थापना , बाल उद्दार टोली गठन परिचालन
- बालबालिकाहरुकोलागि कानुनी सहयाता, शैक्षिक सामग्री सहयोग
- ब्यवसायिक तालिम र ब्यवसाय सञ्चालन सहयोग
- बाल कार्यक्रमहरुमा संयुक्त अनुगमन र मूल्याँकन
- सार्वजनिक जग्गा संरक्षण
- बिद्यालयकोलागि फर्निचर , कोठा निर्माण
- बालउद्यान निर्माण
- कूलो निर्माण, वाचनालय , खानेपानी इनार , सुलभ शौचालय
- नगर  बुलेटिन प्रकाशन

- बस पार्क, नारायणी नदी किनार ब्यवस्थापन
- ऐतिहासिक पानीका स्रोतको संरक्षण
- सिसिटिभी ब्यवस्थापन
- कर्मचारी क्षमता अभिबृद्धिका बिभिन्न कार्यक्रम
- नगर सरसफाई कार्यक्रम
- इबिडिङ्ग कार्यक्रम
- बतावरण मैत्री स्थानीय शासन कार्यक्रम
- सामजिक एवं सूचना प्रवाहमा मिडिया परिचालन
- ब्यवस्थित बेवसाइट
- पार्क, पोखरी सडक दायाँ बायाँ बृक्षारोपण, सौर्यसडक बत्ति
- सडक बिस्तार

करिब २२ बर्ष अगाडी निर्णय भएका सडकका सडक अधिकार क्षेत्रहरु कायम गर्ने क्रममा निर्मित कच्ची घर ,टहरा, एवं पर्खाल हटाइएको । वडा नं २ क्षेत्रपुर सडक १६ मीटर , वडा नं ५ र ६ बिशालचोक देखि धर्मचोक १६ मीटर

उपभोक्ता समितिबाट हुने निर्माण कार्य ( बिशेष सडक पिच) मा गुणस्तर कायमकालागि अनिबार्यरुपमा ल्याब टेष्ट गराउने कार्यको थालनी भएको ।

बकास निर्माण कार्यमा जनसहभागिता जुटाई इ- टेन्डर मार्फत निर्माण कार्यहरु सम्पन्न गरिएको ।

सरसफाई कार्यलाई ब्ययमुखी नबनाई आन्तरिक आयको मुख्य श्रोत मध्येको एक बनाइएको।

स्थानीय बिकास मन्त्रालयका सचिव र न.पा.का कार्यकारी अधिकृत बीच भएको कार्य सम्पादन सम्झौता बमोजिम उत्कृष्ट कार्य गरेको समिक्षा
नगरपालिकाले स्थानीयको सहभागिता सहित ७ मीटरको चक्ला सडकलाई १६ मीटर कायम गरी १०० भन्दा बढी पर्खालहरु भत्काइएको ।

.

यस बर्षको मुख्य मुख्य कार्यक्रम

- वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड लागू
- मित्रराष्ट्र चीनको Xining city संग मैत्री शहरको रुपमा सम्बन्ध स्थापना र Geermu city संग भंगिनी सम्बन्ध स्थापना गर्ने सहमति
- मोबाइल एप्स संचालन, सामाजिक संजालको प्रयोग
- सुशासन प्रवर्धनको लागि सी.सी. टिभी जडान र डिजिटल हाजिरीको व्यवस्था
- प्रविधिको प्रयोग गरी वडा नं. १० मा सेवाकेन्द्र विस्तार
- वडा नं. १ मा क्षमता विकास केन्द्र स्थापना
- सौर्य बत्ति -EFLG तथा जनसहभागितामा आधारित) निर्माण तथा जडान कार्यको सुरुवात
- विभिन्न टोलमा बृक्षारोपण तथा सरसफाई अभियान संचालन
- सार्वजनिक जग्गामा संघ संस्थाहरुका घर निर्माण कार्यमा रोक
- सडक यातायात गुरु योजना तयारी अन्तिम चरणमा पुगेको
- सडक निर्माण गर्दा अपाङ्ग मैत्री फूटपाथ बनाइएको .
- पोखरी संरक्षण,
- सडकको दायाँ बायाँ वृक्षारोपण
- नक्सा पासको अभिलेखलाई सूचना प्रविधिको सहयोगमा सम्पत्ति कर संग आवद्ध गर्ने प्रकृया थालनी गरिएको
- फोहर मैला ब्यबस्थापनमा ट्याक्टर हरुको विस्थापन र कम्प्याक्टरको प्रयोगको थालनी ।
- सामाजिक परिचालनका कार्यक्रम मार्फत् समुह गठन, परिचालन र विभिन्न योजनाहरुको कार्यन्वयन भएको
- बालश्रम न्यूनीकरणका लागि स्थानीय गैसससँगको समन्वयमा प्रभावकारी कार्य सम्पादन भएको
- सामाजिक सुरक्षा कार्यक्रम अन्र्तगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइएको
- योजना कार्यन्वयनमा महिला तथा पिछडावर्गको सहभागितामा वृद्धि भएको
- खानेपानी तथा सरसफाईमा सुधार आएको

- स्वास्थ्य सेवाको पहुँचमा सुधार आएको
- विद्यालयको भौतिक पूर्वाधार बिस्तार भएको
- वातावरण सुधारकालागि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका

## सुधारको लागि चाल्नुपर्ने कदमहरू

- नागरिक बडापत्र सबै वडामा स्पष्ट र देखिने ठाउँमा राख्न पर्ने
- विस्तारित वडा लाई उच्च प्राथमिकतामा राख्न पर्ने
- योजनाहरु बनाउदा सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण आदिका प्रतिवेदनहरुलाई मध्यनजर गर्नु पर्ने ।
- राष्ट्रिय स्तरमा उठाउनु पर्ने साझा सवाल उठानका लागि सामुहिक पहल गर्नु पर्ने । सेवा प्रवाह, तथ्याङ्क भण्डारण, प्रतिवेदन प्रकाशन लगायतका विषयमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन दिन पर्ने
- उद्यमशिलताको प्रवर्द्धन गर्न निजी क्षेत्रका संघ संस्थाहरुको सहकार्यलाइ प्राथमिकता दिनु पर्ने
- आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीको रणनीतिलाई विशेष प्राथमिकता दिनु पर्ने
- स्थानीय स्तरमा स्थानीय निकायहरु ले सेवाप्रदायक सस्थाहरुको वर्गिकरण, उनिहरुको क्षमता विश्लेषण तथा कार्य दक्षताको आधारमा कार्य सम्पादनमा सहयोगी बनाउने ।
- संचालित विकासका कार्यक्रमहरुमा जवाफदेहीता, पारदर्शीता तथा उत्तरदायित्वहरुको सुनिश्चितता प्रदान गर्न सरोकारवालाहरुको सम्लग्नता एवम् सामाजिक परिक्षणका गतिविधिहरुलाई अझ फराकिलो पार्दै लग्ने ।
- भूकम्प, आगलागि, बाढी, महामारी लगायतका प्राकृतिक एवम् मानवीय विपद्को जोखिम घटाउन तथा सामना गर्न नगरस्तरीय विपद् व्यवस्थापन योजना कार्यान्वयनका लागि आवाश्यक व्यवस्था मिलाउनुपर्ने ।

## स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि- २०६७, अनुसूची ३ बमोजिम समावेश गरिएका विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरूको विवरण

**१. विषयगत कार्यालयको नाम : भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, भरतपुर**

**२ लक्ष्य तथा मुख्य उद्देश्य:**

- भरतपुर उप-महानगरपालिका क्षेत्रका बासिन्दालाई आधारभुत, नियमित, गुणस्तरयुक्त, भरपर्दो र सुलभ खानेपानी तथा सरसफाई सेवा उपलब्ध गर्ने गराउने प्रभावकारी व्यवस्था गर्ने ।
- पाइप लाईन नपुगेका सडकहरुमा आवश्यकता अनुसार पाइप लाईन थप गर्दै जाने ।

**३. आर्थिक वर्ष २०७२/०७३ मा संचालित विकास कार्यक्रम तथा आयोजनाको विवरण**

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| १. भरतपुर खानेपानी आयोजना सुधार विस्तार | १५.५ कि.मि वितरण लाइन | ➢ १ सेट डिप ट्युववेल निमार्ण<br>➢ १७.८ कि.मि वितरण लाईन थप<br>➢ ४ लाख लिटर क्षमताको पानी टंकी निमार्ण कार्य ७५ प्रतिशत पुरा<br>➢ १ सेट ५० के.भि.ए ट्रान्सफर्मर जडान | |
| २. भरतपुर खानेपानी आयोजना मर्मत सुधार | नियमित मर्मत सुधार | ➢ पाइप लाईन तथा विभिन्न विद्युतिय उपकरणहरुको नियमित मर्मत सुधार | |
| ३. धनगाडा खानेपानी आयोजना | ४ कि.मि वितरण लाइन | ➢ ४ कि.मि वितरण लाईन थप<br>➢ सह-लगानी कार्यक्रममा समावेश | |
| ४. प्रेमवस्ती खानेपानी आयोजना | ५ कि.मि वितरण लाइन | ➢ ५ कि.मि वितरण लाईन थप<br>➢ नयाँ पानी टंकीबाट खानेपानी वितरण सुरु | |
| ५. कैलासनगर खानेपानी आयोजना | ५.१ कि.मि वितरण लाइन | ➢ ५.१ कि.मि वितरण लाईन थप | भ.उ.म.न.पा.सँग सहकार्य |
| ६. आनन्दपुर खानेपानी आयोजना | ७.७ कि.मि वितरण लाइन | ➢ ७.७ कि.मि वितरण लाईन थप<br>➢ ५० वटा निजि धारा जडान | भ.उ.म.न.पा.सँग सहकार्य |
| ७. पटिहानी खानेपानी आयोजना | जग्गा खरिद गरि डिप वेल निर्माण गर्ने | ➢ बोर्डबाट २ कट्ठा जग्गा खरिद<br>➢ १ सेट डिप ट्युवेल निर्माण | |
| ८. वातावरणीय सरसफाइ कार्यक्रम | २३ सेट कम्पोष्ट च्याम्बर निर्माण वितरण | ➢ २३ घरलाई कम्पोष्ट च्याम्बर निर्माण वितरण | |

**५. सरोकारपक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकियागत सुधारहरु:**

- नगरको खानेपानी व्यवस्थापनमा एकरुपताको सम्बन्धमा उपयुक्त नीतिगत व्यवस्थाको लागि खानेपानी तथा सरसफाई मन्त्रालयमा लेखि पठाईएकोमा सम्बन्धित मन्त्रालयबाट बोर्डलाई उपभोक्ता संस्थाकै रुपमा लिई

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र बोर्ड बिचको सहलगानीमा नयाँ आयोजनाहरु निर्माण गर्न सकिने गरि नीतिगत निर्णय भई आएको

- रोज गार्डेन खानेपानी सेवा प्रणाली हस्तान्तरण भई बोर्डले लिएको

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता:**

| सामाजिक जिम्मेवारी क्षेत्र | सूचक सहितको विवरण |
|---|---|
| खानेपानी सुरक्षा कार्यक्रम | ➢ ३ पम्प स्टेसनहरुमा डोजिङ पम्प सहितको क्लोरिनेसन यूनिट<br>➢ ३ पम्प स्टेसनहरुमा Gravity Flow Mechanism बाट क्लोरिनेसन गर्ने व्यवस्था<br>➢ ३० जना ग्राहकहरुको धाराबाट मासिक गुणस्तर परिक्षण<br>➢ सबै वेलहरुको गुणस्तर सम्बन्धी बिभिन्न प्यारामिटरहरु परिक्षण |
| जनचेतनामूलक कार्यक्रम | ➢ धाराहरुको ब्यापक अनुगमन गरि ६३ जना ग्राहकहरुबाट थप महसुल संकलन |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु:**

- थुप्रै संस्थागत संरचनाहरु निर्माण गर्न बाँकी
- विद्युत महशुल लगायत सरकारी बजेट ठुलो भएको अवस्थामा नयाँ महशुल निर्धारण गर्नुपर्ने
- तालिमप्राप्त दक्ष जनशक्तिको कमी

**८. भावी कार्यक्रमका लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु:**

- चुहावट नियन्त्रण तथा खानेपानी संरक्षणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- खानेपानी पाइप लाईनको लागि सडकमा क्षेत्राधिकार स्पष्ट हुनुपर्ने
- फोहर पानी व्यवस्थापन, वातावरणीय सरसफाई सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने
- अत्यावश्यक स्थानहरुमा ब्यवस्थित सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने

९. स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत:

- ❖ कुल जनसंख्यामा ४८ प्रतिशत जनसंख्यामा सेवा पुगेको

## ख) दियालो परिवार, भरतपुर

१. विषयगत कार्यालयको नाम : दियालो परिवार

२. लक्ष्य

- जनसशक्तिकरण मार्फत् आत्मनिर्भर र दीगो विकासको वातावरण सिर्जना गर्ने
- दियालो परिवारलाई सामाजिक क्षेत्रमा काम गर्ने आत्मनिर्भर र नाफा रहित संस्थाको रुपमाविकास गर्ने

३. मूख्य उद्देश्य

- बाल श्रमिकहरूको उद्धार एवम् पुनःस्थापना गर्ने ।
- जोखिमयुक्त परिस्थितिमा रहेका बालबालिकाहरूलाई परिवार केन्द्रित कार्ययोजना मार्फत्
- सुरक्षा प्रदान गर्ने ।
- कार्यक्रममा सहयोग पुऱ्याउने मुख्य सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- सामाजिक सशक्तिकरणको माध्यमबाट दलित, महिला, बालबालिका, आदिबासी, जनजाति, अल्पसंख्यक मधेसी एवम् पछाडि पारिएका वर्ग र समुदायहरूको अधिकारका लागि वकालत अभियान सञ्चालन साथै आर्थिक, सामाजिक विकास तथा भौतिक पूर्वाधार निर्माणको लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. आर्थिक वर्ष २०७२।०७३ मा संचालित विकास कार्यक्रम तथा आयोजनाको विवरण

सामाजिकीकरण र पारिवारिक पुनर्एकीकरण, एवम् बाल हेल्पलाईन कार्यक्रम

| क्र.सं. | क्रियाकलाप | प्रगति तथा उपलब्धिहरु |
|---|---|---|
| १ | सहयोग र अन्तक्रिया | • २०२ साल भाद्र २९ गते राष्ट्रि बाल दिवसको अवसरमा सडक बालबालिकाका बीच सामूहिक सहभोज र अन्तक्रिया कार्यक्रमका साथ सामाजिक सद्भाव बृद्धि गर्दै पारिवारिक पुनर्मिलनका लागि उत्प्रेरित गरियो । |
| २ | बालअधिकार सम्बन्धी सचेतना ऱ्यालीको गतिविधि | • अन्तर्राष्ट्रिय बालअधिकार दिवस (20 Nov. 2015) को अवसरमा बालअधिकार र सडक बालबालिकालाई सडकबाट बहिर्गमन गर्ने सम्बन्धमा सचेतनामूलक बृहद् ऱ्याली नारायणगढमा सम्पन्न गरियो । सो ऱ्याली कार्यक्रममा सडक बालबालिकाहरुको उत्साहजनक सहभागिता रह्यो । |
| ३ | आत्मकथा प्रस्तुति र सरसफाइ कार्यक्रम | • विजयादशमी २०७२ को पावन अवसरमा सडक बालबालिकाहरुद्धारा आ-आफ्नो आत्मकथा प्रस्तुति गरे । आत्मकथा प्रस्तुत गर्ने सडक बालबालिकाहरुलाई पुरस्कृत र सम्मानित गरियो भने सोही अवसरमा बाल हेल्पलाइनको वरिपरि सरसफाइ गर्नुका साथै सडक बालबालिकाहरुको व्यक्तिगत स्वास्थ्य सरसफाइका क्रियाकलाप सम्पन्न गरियो । |
| ४ | अन्तक्रिया कार्यक्रम | • सडक बालबालिकाहरुलाई सामाजिक संरचनाहरुमा पुनर्स्थापन गर्न बालगृह संचालकहरुसँग छलफलको आयोजना गरियो ।<br>• लागू पदार्थ सेवन गर्ने सडक बालबालिकाहरुलाई सुधार गृहमा प्रेषण गर्ने अभिप्रायका साथ सुधार गृहका संचालकहरु र सुरक्षाकर्मीहरुसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो ।<br>• सडक बालबालिकाहरुको सामाजिकीकरण र पारिवारिक पुनर्एकीकरणका लागि नागरिक समाज र बालबालिकाहरुका अभिभावकसँग ३ वटा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । |
| ५ | मनोविमर्श सेवा | • मनोसामाजिक समस्या देखिएका ६ जना सडक बालकहरुलाई प्रशिक्षित मनोविमर्शकर्ताद्वारा मनोसामाजिक विमर्श सेवा उपलब्ध गराइयो । |

| | | |
|---|---|---|
| ६ | फलोअप/अनुगमन | ● गत वर्ष औपचारिक शिक्षा र आयआर्जन कार्यमा सहयोग उपलब्ध गराईएका बालबालिकाहरु र निजका परिवारको फलोअप एवम् अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइयो । |
| ७ | सुधार गृहमा प्रेषण | ● लागू औषधको कुलतमा फसेका ७ जना सडक बालकहरुलाई जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा भरतपुर-१२ स्थित जर्नी अफ रिकभरि (सुधार गृह) मा प्रेषण गरियो ।<br>● सुधार गृहमा प्रेषण गरिएका उक्त ७ जना सडक बालकहरु दुर्व्यसनबाट मुक्त भई हाल निजहरु सामाजिकीकरण प्रक्रियामा रहेका छन् । |
| ८ | अनुगमन | ● प्रस्तुत कार्यक्रमको अनुगमन जिल्ला विकास समितिको कार्यालय, युनिसेफ नेपाल र दियालो परिवारद्वारा नियमित रुपमा हुँदै आएको छ । |

कार्यक्रमको नाम :**बाल संरक्षण रबालश्रम उन्मूलन कार्यक्रम**

सहयोगि / साझेदार संस्था : भरतपुर उपमहानगरपालिकाको कार्यालय/यूनिसेफ नेपाल

**उमेर समूहको आधारमा यस बर्ष पहिचान गरिएका बालश्रमिक विवरण :**

| उमेर समुह | बालक | बालिका | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १० बर्ष उमेर भन्दा मुनि | १५ | १८ | ३३ | २३.०७ |
| १० बर्ष देखि १४ बर्ष मुनिका | २३ | ४२ | ६५ | ४५.४५ |
| १४ बर्ष देखि १८ बर्ष मुनिका | १९ | २६ | ४५ | ३१.४८ |
| जम्मा | ५७ | ८६ | १४३ | १०० |

**यस अवधिमा सम्पन्न कियाकलापहरु र उपलब्धीहरु :**

| क.स. | कियाकलाप | प्रगति तथा उपलब्धीहरु |
|---|---|---|
| १) | ७५ जना बालश्रमिकहरु पहिचान तथा सर्वेक्षण गरि निजहरुको प्रोफाईल तयार पार्ने | ● निकृष्ट प्रकारका श्रममा संलग्न ८६ जना बालिका र ५७ जना बालक गरि १४३ जना बालश्रमिकहरुको पहिचान र दर्ता गरि निजहरुको ब्यक्तिगत विवरण तयार पारियो ।<br>● उक्त १४३ जनाहरु मध्ये जनजाति ६ प्रतिशत (६६जना), दलित ३२ प्रतिशत ( ४५जना) र अन्य (ब्रामण/क्षेत्री ) २२ प्रतिशत (३२ जना) रहेका छन् ।<br>● हाल सम्म ५७१ जना बालक र ४०० जना बालिका गरि जम्मा ९७१ जना बालश्रमिकहरुको पहिचान गरि दर्ता प्रणालीलाई ब्यबस्थित गरिएको छ । |
| २. | पहिचान गरिएका बालश्रमिकहरुको घटना ब्यबस्थापन तथा आवश्यकताको लेखाजोखा | ● ३८ जना बालिका र २२ जना बालकहरु गरि जम्मा ६० जना बालश्रमिकहरुको आवश्यकताको लेखाजोखा सम्पन्न ।<br>● लेखाजोखाको आधारमा शिक्षा, स्वास्थ्य,मनोविर्मश सेवा, आयआर्जन एवं ब्यबसायिक तालिम र पुनर्एकिकरणका योजना निर्माण र कार्यन्वयन गरियो। |
| ३. | मनोविर्मश सेवा | ● मनोसामाजिक समस्या देखा परेका १३ जना बालिका र ७ जना बालक गरि २० जना बालश्रमिकहरुलाई प्रशिक्षित मनोविर्मशकर्ता द्धारा मनोविर्मश सेवा प्रदान गरि निजहरुलाई सामान्य अवस्थामा ल्याउन सफलता प्राप्त । |
| ४. | बालश्रमिकहरुको पारिवारिक पुनर्एकिकरणका लागि तिनका अभिभावकहरुलाईआय आर्जनका गतिविधि संचालनका लागि आर्थिक तथा बस्तुगत सहयोग | ● बालश्रमिकहरुलाई जोखिमपुर्ण श्रमबाट मुक्त गर्ने अभिप्रायका साथ ११ जना बालिका र ९ बालक गरि २० जना बालश्रमिका परिवारलाई आयआर्जनका लागि प्रति परिवार रु. १५,०००।- बस्तुगत सहयोग प्रदान गरियो ।<br>● उक्त बस्तुगत सहयोग उपलब्ध गराईएकाहरुमध्ये बाखा पालन ब्यबसाय सञ्चालन १० जना, ठेलामा ब्यबसाय सञ्चालन ४ जना, साईकलमा फलफुल ब्यबसाय सञ्चालन २ जना, हाँस पालन ब्यबसाय सञ्चालन २ जना, किराना पसल १ जना र १ परिवारले होटल सञ्चालन गर्दै आएका छन् ।<br>● उक्त २० परिवार मध्ये ३ परिवारले दैनिक रु.९००।-सम्म खुद आम्दानि गर्न सफल |

| | | |
|---|---|---|
| | | भएका छन् भने अन्य परिवारको दैनिक आम्दानि सरदर रु. ३०० देखि ६०० सम्म रहेको पाईएको छ । |
| ५. | ब्यबसायिक तालिम प्रदान | • ६ जना किशोरिहरु र ४ जना किशोर गरि जम्मा १० जना श्रमिक किशोर किशोरीहरुलाई ब्यबसायिक तालिम प्रदान गरियो ।<br>• पारिवारिक पुनर्एकिकरणमा सहयोग प्ऱ्याउने अभिप्रायका साथ ५ जना लाई कुक तालिम र अर्का ५ जनालाई ब्युटिसियन तालिम दिईयो ।<br>• उक्त तालिम प्राप्त १० जना किशोर किशोरीहरु मध्ये २ जना रोजगारीमा संलग्न भएका छन् भने ३ जना स्वरोजगार भएका छन् र निजहरुलाई संस्थाद्धारा आवश्यक वस्तुगत सहयोग समेत उपलब्ध गराईएको छ । |
| ६. | सहकारीमा आवद्धता | • आयआर्जान कियाकलापमा संलग्न २० परिवारको बचत गर्ने बानीको विकास गर्ने अभिप्रायका साथ वडा न. १० स्थित समग्र् बचत तथा ऋण तथा सहकारी संस्था, वडा न. ११ स्थित गणेस्थान बचत तथा ऋण सहकारी संस्था लगायतका सहकारी संस्थाको सदस्यता दिलाई निजहरु बाट नियमित रुपमा बचत गर्ने बानिको विकास हुँदै आएको छ । सहकारीमा आवद्धताका लागी संस्था बाट प्रति ब्यक्ति रु. ३०००।- सहयोग उपलब्ध गराईएको छ । |
| ७. | औपचारिक शिक्षा सहयोग | • १४ बर्ष मुनिका १२ जना बालिका र ८ जना बालक गरि जम्मा २० जना बालबालिकाहरुलाई विभिन्न बिद्यालयहरुमा भर्ना गरि अध्ययन कार्यमा सहजता ल्याउन स्कुल पोशाक र स्टेशनरीका लागि रु. ३५००।- प्रति बालबालिका सहयोग पुऱ्याइयो । |
| | अन्तरकियाा/ अनुशिक्षण | • बालश्रमको अन्त्य र बालअधिकार प्रति संवेदनशिल र जागरुक गराउने अभिप्रायका साथ बिद्यालय एल्मुनाई एशोसियशन, रोजगारदाता संघ, उद्योग बाणिज्य संघ, रोटरी, लायन्स, जेसिस जस्ता प्रमुख सरोकारवालाहरुका बिच ४ वटा अन्तरकिया तथा अनुशिक्षण कार्यकमको आयोजना गरिएको थियो ।<br>• ७८ जना महिला र २९ जना पुरुष गरि १०७ जनाको सहभागिता रहेको उक्त छलफलको फलस्वरुप निजहरुबाट श्रमिक बालबालिकाको खोजि कार्यमा सघाउनुको साथै बालश्रम मुक्त टोल घोषणा गर्न र बालबालिकाको पुनर्एकिकरण कार्यमा समेत सकारात्मक भुमिका निर्वाहा भएको थियो । |
| ९. | सचेतिकरण | • बालश्रम न्युनिकरण तथा अन्त्यका लागि सहयोग पुग्न जाने विश्वासका साथ नागरिक समाजका संघ संघठन तथा सरोकारवालाहरुका वीच अन्तरकिया एवं सचेतना कार्यकम विभिन्न ५ वटा वडाहरुमा ५ इभेन्ट सञ्चालन गरियो ।<br>• ९१ जना महिला र ३९ जना पुरुष गरि जम्मा १३० जना सहभागी रहेको उक्त सचेतना कार्यकमको फलस्वरुप बालश्रम मुक्त टोल घोषणामा सहयोग प्राप्त भएको थियो । |
| १०. | बिद्यालय स्तरिय सचेतिकरण कार्यकम | • बालश्रम न्युनिकरण र बाल संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यका साथ बिद्यालय स्तरिय ५ वटा सचेतिकरण कार्यकम सम्पन्न गरियो ।<br>• बिद्यालयमा अध्ययनरत बालबालिका, शिक्षक, बिद्यालय ब्यबस्थापनका पदाधिकारीहरु संलग्न रहेको सचेतिकरण कार्यकमले बिद्यालयलाई बालमैत्री र बालकेन्द्रित सिकाई पद्धतिको अवधाराणलाई प्रोत्साहन गर्ने कुरामा प्रतिवद्धता ब्यक्त गरियो । साथै बालबालिकाले आफनो घर, टोल, छिमेकमा बालश्रम प्रयोग भए नभएको अनुगमन गर्न जागरुकता देखाए ।<br>• बिभिन्न ५ वटा बिद्यालयमा गरिएको सचेतिकरण कार्यकममा २७० जनाको सहभागिता रहयो । |
| ११. | बाल दिवसको आयोजना | • राट्रिय बालदिवसको अवसरमा "बालश्रम र शिक्षा" विषयक १ दिने अन्तर मा. वि. वतृत्वकला र चित्रकला प्रतियोगिताको आयोजना गरियो ।<br>• ३४ जना किशोरिहरु र ३५ जना किशोरहरु गरि जम्मा ६९ जनाको सहभागिता |

| | | |
|---|---|---|
| | | रहेको उक्त प्रतियोगिताले बालबालिकामा अन्तरनिहित क्षमतालाई प्रष्फुटन गर्ने अवसर सृजना भएको थियो भने बालश्रमको न्युनिकरणमा सहयोग पुग्नुका साथै शिक्षा आर्जनका लागि बालबालिका अभिप्रेरित भएका थिए ।<br>● उक्त प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुने छात्र छात्रालाई पुरस्कृत तथा सम्मान गरिएकोमा अतिरिक्त क्रियाकलाप प्रति बालबालिकाको अभिरुचि वृद्धिमा क्रमिक सुधार हुदै आयो । |
| १२. | बालश्रम मुक्त टोल घोषणाका लागि अन्तरक्रिया | ● बि.स.२०७६ साल सम्म भरतपुर नगर क्षेत्रलाई बालश्रम मुक्त गर्नै भरतपुर उप-महानगरपालिकाको अभियानलाई मुर्त रुप दिन महिला समुह, अभिभावक, रोजगार दाता, टोल विकास संस्था र स्थानीय समुदायलाई संलग्न गराई विभिन्न ५ वटा स्थानमा “बालश्रम मुक्त टोल ” स्थापना गर्नै अभिप्रयका साथ अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।<br>● ६७ जना महिला र ३३ जना पुरुष गरि जम्मा १०० जना सहभागि भएको उक्त कार्यकम्रबाट बालश्रम मुक्त टोल घोषणा गर्नका लागि पूर्व तयारी चरणको कार्य गऱ्यो । |
| १३ | सचेतिकरण कार्यशाला गोष्ठीको आयोजना | ● भरतपुर उप-महानगरपालिकाका लक्षित वडाहरुमा बाल संरक्षण, बालश्रम न्युनिकरण र बालश्रम मुक्त टोल घोषणा अभियानलाई सार्थक तुल्याउन संयन्त्रको विकास गर्ने अभिप्रायका साथ ७ वटा सचेतिकरण कार्यशाला गोष्ठीको आयोजना गरियो ।<br>● करिब २५० जना सहभागि रहेको उक्त गोष्ठी लगायतका क्रियाकलाप एंव प्रयास बाट भरतपुर उप -महानगरपालिका भित्र निम्न टोलहरु बालश्रम मुक्त टोल घोषणा गरियो ।<br>**<u>बालश्रम मुक्त टोल घोषणा :</u>**<br>१) शिव मन्दिर टोल विकास संस्था–भरतपुर १०-२०७२/०५/१८<br>२)भु.पु. सैनिक नमुना टोल विकास संस्था–भरतपुर १०-२०७२/०५/१९<br>३) पोखरी टोल विकास संस्था–भरतपुर ११ -२०७२/०८/०१<br>४)निलगिरी टोल विकास संस्था–भरतपुर ११-२०७२/१०/१६<br>५)चित्रसेन टोल विकास संस्था–भरतपुर १० -२०७२/१०/२९<br>यस अघि नै अघिल्लो आ. व मा मिति २०७१ असोज २ गते भरतपुर उप-महानगरपालिका वडा न. १२ स्थित नवरत्न टोल विकास संस्थाले आफनो टोल बालश्रम मुक्त भएको घोषणा गरि चितवन जिल्लामै बालश्रम मुक्त टोल घोषणा गर्ने पहिलो टोल भएको इतिहास रचि सकेको छ । यसरी यस दियालो परिवारले विभिन्न निकायको सहयोगमा हाल सम्म ६ वटा टोललाई बालश्रम मुक्त टोलको रुपमा घोषणा गर्न सहजीकरण गरिसकेको छ । |
| १४ | संयुक्त अनुगमन | ● संस्थाको कार्यसमिति, निर्देशक समिति, कर्मचारीहरु, भरतपुर उप-महानरपालिका कार्यालय र युनिसेफ नेपाल बाट कार्यक्रमको नियमित रुपमा अनुगमन तथा घटना अध्ययन, फोटोग्राफी तथा भिजुअल लिने कार्य हुँदै आएको छ ।<br>● त्यस्तै गरि भरतपुर उप-महानगरपालिकामा अवस्थित राजनैतिक पार्टीका प्रतिनिधिहरु, बालमैत्री स्थानीय शासन समितिका प्रतिनिधिहरु र प्रमुख सरोकारवालाहरु बाट पनि कार्यक्रमको अनुगमन भ्रमण हुँदै आएको छ ।<br>● यस अवधिमा १० पटक अनुगमन भ्रमण सम्पन्न भएको छ ।<br>● यसरी नै भरतपुर उप -महानगरपालिकाका फोकल पर्सन, कार्यकारी अधिकृत र लेखा अधिकृतहरुबाट पनि कार्यक्रम र आर्थिक क्रियाकालापको निरिक्षण अनुगमन भएको छ । |

| | | |
|---|---|---|
| | | ● अनुगमनलाई नियमित प्रकृयाको रुपमा अपनाई अनुगमनबाट प्रदान गरिएका पृष्ठपोषणको आधारमा कार्यक्रममा समय सापेक्ष सुधार हुँदै आएको छ ।<br>● बिगत बर्षहरुमा उपलब्ध गराईएका ब्यबसायिक तालिम, आय-आर्जनका गतिविधिहरु, शैक्षिक सहयोगको अवस्था र अन्य बालश्रमिक एंव निजका परिवारहरुको follow up जारि छ । |

कार्यक्रमको नाम : अनौपचारिक बाल शिक्षा कार्यक्रमः खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाइ थलो

सहयोगी संख्या :- भरतपुर उपमहानगरपालिका कार्यालय, भरतपुर, सम्मुनत नेपाल, काठमाडौं ,युनिसेफ नेपाल, भरतपुर ।

कार्यक्रमको भौगोलिक क्षेत्रः भरतपुर-उपमहानगरपालिका अर्न्तगतका वडाहरु १,२,३ र ४

लक्षित समुहः विद्यालय बाहिर जोखिम परिस्थितिमा रेहका १०देखि१८ वर्ष उमेर समुहका बालबालिकाहरु

**निर्धारित उद्देश्य अनुरुपको प्रगति तथा उपलब्धिहरुः**

| क्र.सं. | उद्देस्य | प्रगति तथा उपलब्धिहरु |
|---|---|---|
| १ | औपचारिक/अनौपचारिक शिक्षामा कहिल्यै प्रवेश नगरेका, गएर पनि छाडेका एवं श्रम क्षेत्र तथा जोखिम परिस्थितिमा रेहका शहरी क्षेत्रका बालबालिका तथा किशोर किशोरीहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट पुन बिद्यालय शिक्षामा नै फर्काउ तथा सो संभव नभएमा बालबालिका तथा किशोर किशोरीहरुलाई स्वरोजगारी, जिवनोपयोगी र ब्यवसायिक सिप विकास गर्द सकारत्मक र सहज जिवन यापन गर्न सहयोग पुर्‍याउने । | क) **सहयोगी कार्यकर्ता तालिम सम्पन्न**<br>● खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाई थला कार्यक्रममा संलग्न सहजकर्ता, स्वयम सेवक, फोकल प्रर्सन तथा कक्षा परिचालकहरुको संलग्नतामा ९ दिने र ६ दिने आधारभुत तालिम संपन्न भएको छ । साथै पूर्नताजगी तालिमहरु समेत सम्पन्न भएको छ ।<br>● यस्तै गरि सहजकर्ताहरुका लागि २ दिने इ–पाटी तथा कम्प्युटर प्रयोग संबन्धि प्रशिक्षण संपन्न भएको छ ।<br>ख) **अध्ययनमा सहभागिता :**<br>● संस्था भवनमा संचालित खेल्दै सिक्ने केन्द्रबाट १०० जना बालबालिकाहरु लाभान्वित भएका छन् । सो केन्द्र २०७१ साल मंसिर ४ बाट संचालनमा आएको छ । |
| | | ● खेल्दै सिक्ने केन्द्रमा अध्ययन गरेका उक्त १०० जना बालबालिकाहरु मध्ये ३० जना बिद्यालय भर्ना, १२ जना पारिवारिक पुनर्एकिकरण र ८ जना बसाई सराई गरि अन्यत्र गएका छन् । यस्तै गरि ४ जनाले सानातिना ब्यबसायहरु संचालन गर्दै आइरेहका छन्, १ किशोरले प्लम्बिङ्ग तालिम लिई रोजगारि पाएका छन् ।<br>ग) अतिरिक्त क्रियाकलाप<br>● बालबालिकाहरुको सृजनात्मक क्षमता, जिज्ञासुपन र अनुसन्धतात्मक स्वभावलाई प्रोत्साहन गर्दै उनिहरुको सिकाईलाई थप मद्दत पुर्‍याउने अभिप्रायका साथ खोजपूर्ण कार्य तथा अबलोकन भ्रमणको आयोजना हुँदै आएको छ ।<br>● टेलिभिजन, सि.डी. को प्रयोग, पाठ्य तथा सन्दर्भ सामाग्रि र इ पाटी / ल्यापटप जस्ता सिकाई सामाग्रीको माध्यमबाट शिक्षण क्रियाकलापको प्रभावकारिता बृद्धि गरिएको छ ।<br>● खेल सामाग्रीको प्रयोग बालगित ज्ञानबर्दक कथा लगायतका शिक्षण बिधिहरुको प्रयोगबाट कक्षालाई बालमैत्री र बाल केन्द्रित सिकाइको बाताबरण सृजना गर्ने गरिएको छ ।<br>● कक्षा केन्द्रलाई ब्यबस्थित र प्रभावकारी ढंङ्गबाट निरन्तर संचालन गरिरहन कक्षा ब्यबस्थापन समिति गठन गरिएको छ । उक्त समितिमा अभिभावक, रोजगारदाता, समाजसेवी, लक्षित बालबालिका र सहजकर्ताको प्रतिनिधित्व रहेको छ ।<br>● २०७१ साल मंसिर ४ गते बाट संचालित खेल्दै सिक्ने केन्द्र एक शैक्षिक सत्रमा २५० दिन, हप्ताको ६ दिन र दैनिक विहान ८ बजे देखि साँझ ६ बजे सम्म खुल्ला गर्ने गरिएको छ । |
| २ | शहरी क्षेत्रमा बिधालय बाहिर जोखिम परिस्थितिमा रहेका बालबालिका तथा किशोर किशोरीहरुलाई उनीहरुको स्थानमा गइ सिकाईको अवसर प्रदान गर्ने । | ● जोखिम परिस्थितिमा रहेको बालबालिका तथा किशोर किशोरीहरुका लागि बैकल्पीक शिक्षा कार्यक्रम अर्न्तगत "घुम्ति सिकाइ थलो " २०७१ फाल्गुण २४ गतेबाट संचालनमा आएको छ ।<br>● शहरि क्षेत्रमा बिद्यालय बाहिर जोखिम परिस्थितिमा रहेका बालबालिका तथा किशोर किशोरिहरुलाइ उनिहरुको स्थानमा गइ सिकाइको अवसर प्रदान गर्ने अभिप्रायका साथ संचालित घुम्ति सिकाई थलो बालबालिकाको माग अनुरुप पायक पर्ने ३ स्थानमा संचालनमा रहयो । |

| | | |
|---|---|---|
| | | • बिद्युतिय रिक्सामा खेल सामाग्री र अध्ययन सामाग्रीको व्यबस्थापनका साथ बालबालिका बस्ने स्थानमा पुऱ्याईएको सो साधन मार्फत ३ बालिका र २६ जना बालक गरि जम्मा २९ जना बालबालिका लाभान्वित भएका छन् । <br>• उक्त २९ जना मध्य १०–१३ वर्ष उमेर समुहका बालबालिका तथा किशोर किशोरीहरुलाई औपचारिक शिक्षाको मूलधारमा संलग्न गराउन पहल गरिएको छ । हालसम्म ३ जना बिद्यालय भर्ना भएका छन् भने २ जनालाई श्रमक्षेत्रबाट मुक्त गरि घर फर्काइएको छ । |

**निर्धारित क्रियाकलाप अनुरुपको प्रगति तथा उपलब्धीहरु :**

| क.स | क्रियाकलाप | प्रगति तथा उपलब्धीहरु |
|---|---|---|
| १ | शहरि बालशिक्षा कक्षा सञ्चालन | • भरतपुर उप-महानगरपालिका वडा न. ८ मा १ वटा कक्षा, वडा न. ९ मा १, वडा न. १० मा १ र वडा न. ११ मा २ वटा कक्षा गरि जम्मा ५ वटा १० महिने शहरि बालशिक्षा कक्षा सञ्चालन गरियो । <br>• उक्त ५ वटा कक्षामा ५९ जना बालिका र ४९ जना बालक गरि जम्मा १०८ जना १४ बर्ष मुनिका बालबालिकाहरुको संलग्नता रहेको थियो । <br>• उक्त शहरि बालशिक्षाको मुख्य उद्देश्य श्रममा संलग्न भएका कारण र अन्य कारणले बिद्यालय शिक्षाबाट बञ्चित हुन बाध्य भएका बालबालिकाहरुका लागि ब्रिजकोर्षको माध्यमबाट ५ कक्षा सम्म बिद्यालय भर्ना गर्न सकिने खालको ब्यबहारिक शिक्षा दिलाउनु रहेको थियो । <br>• कक्षा प्रारम्भ गर्दा ५ वटा कक्षामा १०८ जना बालबालिकाहरुको संलग्नता रहेकोमा कक्षाको अन्त्य १० औं महिनामा आइपुग्दा ७० जना (६५ प्रतिशत) ले शहरि बालशिक्षाको कोर्ष पुरा गरेका थिए भने विभिन्न कारणवस ३८ जना (३५ प्रतिशत) बालबालिकाहरु dropout -भएका थिए । <br>• परम्परागत कक्षाकोठा ब्यबस्थापन तथा शिक्षक केन्द्रित बालशिक्षा कार्यक्रमलाई बाल केन्द्रित तथा शिक्षक केन्द्रित बाल शिक्षा कार्यक्रमलाई बालकेन्द्रित तथा बालमैत्रीपूर्ण कार्यक्रमका रुपमा परिणत गरि बालबालिकाहरुलाई अधिकतम गुणस्तरयुक्त शिक्षा हासिल गर्ने अवसर प्रदान गरिएको थियो । |
| २ | कक्षा ब्यबस्थापन समिति निर्माण र परिचालन | • शहरी बालशिक्षा कक्षालाई बालमैत्री र ब्यबस्थित गरि सिकाईको वातावरणलाई प्रभावकारी बनाउने अभिप्रायका साथ सम्बन्धित कक्षा वरपरका प्रवुद्ध बर्ग, समाजसेवी, रोजगारदाता एवं टोल विकास संस्थाका पदाधिकारिहरु सम्मीलीत ५ वटा कक्षा ब्यबस्थापन समिति गठन गरिएको थियो भने कक्षा कोठामा उत्पन्न समस्या र आवश्यकतालाई समाधान र पुर्ति गर्न उक्त समिति क्रियाशिल रहेको थियो । |
| ३ | खोजपुर्ण कार्य/अवलोकन भ्रमण | • बालबालिकाहरु स्वभावैले जिज्ञासु हुन्छन् । कुनै नयाँ कुरा देख्ने बित्तिकै त्यसका बारेमा जान्न बुझ्न चाहन्छन् । उनिहरुको सिर्जनात्मक, जिज्ञासुपन र सिकाईमा मद्यत पुऱ्याउने अभिप्रायका साथ खोजपुर्ण कार्य तथा अवलोकन भ्रमणको आयोजना गरिएको थियो । <br>• खोजपुर्ण कार्य तथा अवलोकन भ्रमणका क्रममा शहरी बालशिक्षा कक्षाका सहभागि बालबालिकाहरुलाई मन्दिरहरुको भ्रमण, बिद्यालय भ्रमण, बालगृह भ्रमण, सत्यसाईकेन्द्र भ्रमण, होटल भ्रमण, बृद्धा आश्रम भ्रमण, बाल हेल्पलाईन जस्ता संस्थाहरुको भ्रमण गरि बालश्रमको अवस्था र बालअधिकारका बारेमा बुझ्ने बुझाउने कार्य गरिएको थियो । यस्तै गरि औद्योगिक प्रदर्शनि मेलाको अवलोकन गराउनु साथै उद्योग बाणिज्य संघ, चितवनका क्रियाकलापहरुका बारेमा अवगत गराईयो । |
| ४. | सचेतना कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप | • अन्तराष्ट्रिय बाल दिवशको अवसरमा बालश्रम र बाल अधिकारका बारेमा सचेतना अभिवृद्धि गर्ने आसयका साथ ऱ्यालिको आयोजना गरियो । <br>• शहरी बालशिक्षाका सहभागिहरुलाई आ-आफनो कक्षा केन्द्रमा चित्रकला प्रतियोगिता आयोजना गरियो र उक्त ५ वटा केन्द्रमा प्रथम, द्धितिय र तृतिय हुने प्रतियोगिहरुलाई यस दियालो परिवारको कार्यलय भवनमा दोश्रो चरणको चित्रकला प्रतियोगिताको आयोजन गरि पुरस्कृत र सम्मानित गरियो । <br>• पाँच वटै कक्षाकेन्द्रका सहभागिहरुलाई संलग्न गराई सहभोज एवं बनभोजको आयोजना गरियो। |
| ५. | मनोविमर्श सेवा प्रदान | • शहरी बालशिक्षा कक्षामा अध्ययनरत बालबालिकाहरु मध्ये २० जना बालबालिकाहरुमा मनोसामाजिक समस्या देखिएकोले सिविन नेपालका मनोविमर्शकर्ताबाट निज बालबालिकाहरुलाई मनोविमर्श सेवा उपलब्ध गराई सामान्य अवस्थामा ल्याईयो । |
| ६. | बालकलब गठन र परिचालन | • शहरी बालशिक्षा कक्षामा अध्ययनरत बालश्रमिक तथा सहभागिहरुको संलग्नतामा ५ वटा कक्षा केन्द्रमा ५ वटै बालकलब गठन गरियो र उक्त बालकलबहरुले कक्षा कोठाको सरसफाई देखि लिएर सृजनात्मक अतिरिक्त क्रियाकलापहरु प्रत्येक शुक्रबार आयोजग गर्दै आएका थिए । |

| | | |
|---|---|---|
| ७. | कर्मचारीहरुको बैठक आयोजना | • शहरी बालशिक्षा कार्यक्रम कार्यरत सुपरभाईजर, सहयोगि कार्यकर्ता, संस्थाको व्यवस्थापन समिति र उप-महानगरपालिकाका सम्पर्क व्यक्तिको संलग्नतामा मासिक बैठको आयोजना गरियो ।उक्त बैठकमा कार्यक्रमको प्रगति समिक्षा, समस्या र समाधानका उपायहरु र आगामि कार्ययोजना निर्धारण गरि कार्यान्वयन गर्ने परिपाटिको विकास गरियो । |
| ८. | बिद्यालय भर्ना र स्टेशनरी वितरण | लैङ्गिक आधारमा औपचारिक शिक्षामा संलग्नता   १० महिने शहरि बालशिक्षा कक्षामा सहभागी १०८ जना बालबालिकाहरुमध्ये ७० जनाले उक्त कक्षा पार गरेको मा सो ७० जना मध्ये ६४ जना बालबालिकाहरुलाई कक्षा १ देखि माथिका कक्षाहरुमा विभिन्न ८ वटा बिद्यालयमा भर्ना गरिएको छ । शैक्षिक सामाग्रि सहयोग गरि बिद्यालय भर्ना गरिएका ६४ जना बालबालिकाहरुमध्ये ५८ प्रतिशत (३७ जना) बालक रहेका छन् भने ४२ प्रतिशत (२७ जना) बालिका रहेका छन् ।<br><br>जातिय समूहको आधारमा औपचारिक शिक्षामा संलग्नता   शहरि बालशिक्षा कक्षा पुरा गरेका ६४ जना बालबालिकाहरु बिद्यालय भर्ना भई औपचारिक शिक्षा हासिल गर्दैछन् । जातिय समुहको आधरमा हेँने हो भने उक्त बालबालिकाहरु मध्ये सबै भन्दा बढि जनजाति समुदायका ५२ प्रतिशत अर्थात ३३( बालक १९, बालिका १४) जना अध्ययनरत छन् । त्यस्तै गरि दलित स मुदायका ३९ प्रतिशत अर्थात २५(बालक १३ र बालिका १२) जना र ब्राम्हण जातिका ९ प्रतिशत अर्थात ६ (बालक ५ र बालिका १) जना विभिन्न बिद्यालयहरुमा अध्ययन गरिरहेका छन् । |
| ९ | सुपरिवेक्षण र अनुगमन | • संस्थाको कार्यसमिति, निर्देशक समिति, कर्मचारिहरु, भरतपुर उप-महानगरपालिका कार्यलयका प्रतिनिधिहरु र युनिसेफ नेपालबाट नियमित रुपमा शहरी बालशिक्षा कक्षाको अनुगमन गरिएको थियो ।<br>• अनुगमनको लिखित प्रतिवेदन अध्ययन गरि प्रदान गरिएका पृष्टपोषणलाई कार्यान्वयन गरियो। |

९. समष्टिगत रुपमा हाल सम्म अनौपचारिक शिक्षाबाट लाभान्वित बालबालिकाको विवरण :

शहरी बालशिक्षाको गत बर्ष सम्मको २ वटा इभेन्टको १३ वटा सम्पन्न कक्षा मार्फत २२७ जना बालबालिकाहरु र यस आ. व.(२०७२/०७३) को १ इभेन्टको ५ वटा कक्षा मार्फत १०८ जना गरि जम्मा ३३५ जना बालबालिका शहरी बालशिक्षाको १८ वटा कक्षा बाट लाभान्वित भएका छन् भने खेल्दै सिक्ने केन्द्र र घुम्ति सिकाई थलो मार्फत गत वर्ष १०० जना र यस बर्ष २९ जना गरि १२९ जना बालबालिकाहरु अनौपचारिक शिक्षा बाट लाभान्वित भएका छन् । यस्तै गरि लैङ्गिक आधारमा हेर्दा ५८ प्रतिशत अर्थात २६८ जना बालक र ४२ प्रतिशत अर्थात १९६ जना बालिका गरि जम्मा ४६४ जना बालबालिका यस परिवार द्धारा सञ्चालित अनौपचारिक शिक्षा बाट लाभान्वित भएका छन् ।

## ५) सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सेवा तथा सुविधा दिन विगत एक बर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (बुँदागत रुपमा प्रस्तुत गर्ने) :

६) सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| क्रस | सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|---|
| १ | बाल अधिकार तथा बाल संरक्षण | भरतपुर उपमहानगरपालिकाको २०७६ साल सम्म बालमैत्री नगर घोषणा गर्ने लक्ष्यलाइ सघाउन बालमैत्री स्थानीय सासनका ३९ वटै सूचकहरुमा काम गर्न आवश्यक पूर्वाधार जनशक्ति उपलव्ध । |
| २ | सामाजिक परिचालन तथा गरिवी निवारण | चितवन जिल्लाको चंडिभंज्याङ र सिन्धुली जिल्लामा विभिन्न आर्थिक, सामाजिक, कृषि तथा पशु पालन लागायतका कार्यक्रमहरु तर्कसंगत ढाँचा(Logical Framework )मा गरिने । |
| ३ | गुणस्तिरिय स्वास्थ्य, खानेपानी तथा सरसफाई | विगतका अनुभवहरुको आधारमा आगामी दिनहरुमा |

| | | |
|---|---|---|
| | | विभिन्न जिल्लाहरुमा तत्सम्बन्धि कार्यक्रमहरु निरन्तरत दिदै जाने |
| ४ | क्षमता अभिवृद्धि तथा प्रशिक्षण प्रदान | "विपदमा बालबालिकाको संरक्षण" लगायत अन्य मानवीय सेवाका क्षेत्रहरु (बालअधिकार/ बाल संरक्षण, एच.आई.भी र एड्स, पोषण, लगायत संस्थागत विकासका प्रशिक्षणका कार्यक्रमहरु निरन्तरता |
| ५ | लैगिक समानता एवम् समावेशीकरण | लैंगिक हिंसाको न्यूनिकरण तथा समावेशिकरणका मुद्धाहरुलाई संचालित सम्पूर्ण कार्यक्रमहरुमा महत्वका साथ संम्लग्न गरिदै लैजाने । |

८) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु (बुंदागत रुपमा लेख्ने ) :

- स्थानिय स्तरका सघसंस्थाहरुसँग दिगो आर्थिक स्रोतको अभाव हुनु ।
- हालैको महाभूकम्प पश्चात् सहयोगि दातृ निकायहरुको प्राथमिकता भूकम्प प्रभावित जिल्लाहरुमा वढि केन्द्रित हुनु ।
- जिल्ला स्तरमा अझै पनि अपेक्षितरुपमा समाजिक संघसंस्थाहरुको गतिविधिहरुमा समन्वय र सहकार्य तथा एकअर्कामा परिपूरक हुने खालका कार्यक्रमहरु संचालन हुन नसक्नु ।
- संस्थागत रुपमा कर्मचारीहरुलाई आवश्यकता अनुसार रोजगारको सुरक्षा सुनिश्चित गर्न अल्पकालिन कार्यक्रमका प्रकृतिका कारण कठिनाई हुनु ।

**९) भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु तथा सुझावहरु (बुँदागत रुपमा लेख्ने)**

क) स्थानीय स्तरमा स्थानीय निकायहरु (जिविस, नगरपालिका आदि) ले सेवाप्रदायक सस्थाहरुको वर्गिकरण, उनिहरुको क्षमता विश्लेषण तथा कार्य दक्षताको आधारमा कार्य सम्पादनमा सहयोगी बनाउने ।

ख) बार्षिक रुपमा जिल्ला स्तरीय संयुक्त रुपमा "विकास मेला तथा अनुभव आदान प्रदान" जस्ता रचनात्मक तथा अन्वेषणात्मक कार्यक्रमहरु संयुक्त आयोजना मार्फत समिक्षा तथा थप विकास योजनाहरुको पहिचान गर्नु उपयुक्त हुने ।

ग) आपसी छलफल, सहकार्य, समन्वय र एकताका साथ साथै विषयगत एवम् क्षेत्रगत अनुगमन तथा मूल्यांकनका गतिविधिहरु संगसंगै विकासका गतिविधिहरुको प्रभाव मूल्यांकनलाई निरन्तरता दिइनु पर्ने ।

घ) संचालित विकासका कार्यक्रमहरुमा जवाफदेहीता, पारदर्शीता तथा उत्तरदायित्वहरुको सुनिश्चितता प्रदान गर्न सरोकारवालाहरुको सम्लग्नता एवम् सामाजिक परिक्षणका गतिविधिहरुलाई अझ फराकिलो पार्दै लग्ने ।

## युथ क्लव- नारायणगढ, चितवन

**१. विषयगत कार्यालयको नाम : युथ क्लव- नारायणगढ, चितवन**

**२. लक्ष्यः**

- समुदायलाई आत्मनिर्भर बनाई स्वावलम्बी आदर्श बालमैत्री समाजको स्थापना गर्ने

**३. मूख्य उद्देश्य**

- समुदायको जनशक्ति तथा भौतिक क्षमताको विकास गर्ने
- स्थानीय स्रोत र साधनको पहिचान र अधिकतम परिचालन गर्ने
- बालमैत्री समाजको स्थापना गर्ने

**४. आर्थिक वर्ष २०७२।०७३ मा संचालित विकास कार्यक्रम तथा आयोजनाको विवरण**

(क)

| कार्यक्रमको नाम | कार्यान्वयन स्थान | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| बालश्रम र बाल संरक्षण कार्यक्रम CFLG | भरतपुर उप-महानगरपालिका को १-७ नं. वडा | १०० | Aug 2014 to Jan. 2015 |
| सामाजिक परिचालन कार्यक्रम LGCDP | रत्ननगर नगरपालिकाको ८-१६ नं. वडा | १०० | २०७१ जेठ २१ बट शुरु |

*(ख) बालमैत्री स्थानिय शासन कार्यक्रम (बालश्रम र बालसंरक्षण)*

| क.स | कार्यक्रम तथा गतिविधि | लक्ष्य | उपलब्धी | बालक | बालिका | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बालबालिकाको पहिचान | ६० | ७७ | १८ | ५९ | |
| २. | मामला व्यवस्थापन योजना विकास | | ६० | १३ | ४७ | |
| ३. | मामला व्यवस्थापन तथा बन्द | | ७१ | ३९ | ३२ | OUSP |
| ४. | विद्यालय भर्ना | | ३२ | १३ | १९ | |
| ५. | सिप शिक्षा | | १० | | १० | १४ वर्ष भन्दा माथिका |
| ६. | आर्यआर्जन | | २५ | ८ | १७ | ६बाखापालन, १६ठेला, २खुद्रा पसल१.रिक्शा |
| ७. | मनोसामाजिक परामर्श | | २५ | २३ | २ | |
| ८. | पुन:र्स्थापना | | २५ | ८ | १७ | |
| ९. | अन्तर्क्रिया,अभिमुखिकरण, तालिम | | ४४८ | २३३ | २१५ | |

(ग) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (सामाजिक परिचालन)

| क.स | कार्यक्रम तथा गतिविधि | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १. | सम्पन्ता स्तरीकरण सर्भेक्षण | ४ वडा | ४ | एउटा वडामा कम्तीमा ३ वटा वस्तीमा |
| २. | वडा भेला | ४ | ४ | र.न.पा. को ८,९,११ र १३ नं. वडामा |
| ३. | नागरिक सचेतना केन्द्रको गठन | ४ | ४ | एउटा वडामा ३० जनाको समिति |

**५. सरोकारपक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरूः**

- मागमा आधारीत कार्यक्रमहरूको छनौट गरिने ।
- आगमी ५ बर्षको संस्थागत रणनैतिक योजना निर्माण ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेवारी क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| विद्यालय भवन निर्माण | मोहनपुर नि.मा.वि.मा ३ कोठे बल्क निर्माण रु. १लाख ५८ हजार |
| विद्यालयलाई जस्तापाता सहयोग | सिद्धी गा.वि.स.को दैतेस र छोरेवाङ्ग रा.प्रा.वि. लाई रु. ५६ हजार ८ सय |
| स्टेशनरी तथा खेलकुद सामाग्री वितरण कार्यक्रम | दाहाखानी-खेतवारी रा.प्रा.वि.का १७७ बालबालिका |
| भुकम्प पीडितलाई सहयोग | गै.स.स. महासंघ मार्फत जि.वि.उ.स.चितवनलाई १० हजार |
| हाजिरीजवाफ प्रतियोगिता | भरतपुर उप-महानगरपालिका भित्रका सामुदायिक ३० विद्यालयहरु बिच |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- असचेतना
- छिट्टो प्रतिफलको आशा
- मौद्रिक मापन

**८. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

- सचेतनाको कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गर्नुपर्ने
- अनुगमनलाई प्रभावकारी ढंगले सञ्चालन गर्नुपर्ने
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई तल्लो निकायसम्म विस्तार गर्नुपर्ने
- बालश्रम न्यूनीकरणका लागि एकीकृत योजना निर्माणमा जोड दिनुपर्ने

## अनुसूचीहरु

**अनुसूची १ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको छलफलको क्रममा सहभागीहरूले व्यक्त गरेका विचार, सुझाव, प्रतिक्रिया तथा प्रतिबद्धताको सारसंक्षेप**

**रचना लामिछाने , सचिव : नागरिक सचेतना केन्द**

उप-महानगरपालिका घोषणा भएपछि पनि कार्यशैलीमा खासै परिवर्तन आएको देखिँदैन। 'नगरबासीलाई हामी उप-महानगरबासी भनेर कसरी गर्व गर्ने ?' बर्षामा हिलो र हिउँदमा धुलो कहिल्यै कम भएन। विकास निर्माणसम्बन्धी काम भएका ठाउँहरुमा पनि गुणस्तरीय भएन।

**हिमलाल ढकाल, संयोजक : वडा नागरिक मञ्च भरतपुर-२७**

उप-महानगरपालिकाले सबै वडाहरुमा शुद्ध खानेपानीको सुविधा दिन नसकेकोले कतिपय वडाहरुमा दुषित पानी प्रयोग गर्नुपरेको । 'सबै स्थानीय निकायले जनताको हितमा काम गरे जनताले पनि स्थानीय निकायलाई सहयोग गर्ने हो,' । उप-महानगरपालिकाभित्रका सबै वडाहरुमा कुनै न कुनै विकासका काम अड्किरहेको छ।

**कमला रानाभाट, संयोजकः वडा नागरिक मञ्च वडा नं. ८**

भरतपुर उप-महानगरपालिकाभित्र सबैभन्दा ठूलो ८ नं.वडा का सडकहरु सधैं अन्धकार छन् । 'बरु नगरपालिका हुँदै उज्यालो थियो, अहिले उप-महानगरपालिका भएपछि झन् अन्धकार भयो,' उप-महानगरपालिकाले सडक बत्तीको उचित व्यवस्थापन नगरेकोले सडकहरु अन्धकारमय बने। रातिको समयमा हुन सक्ने सम्भावित दुर्घटनालाई मध्यनजर गरेरै भए पनि सबै वडामा सडकबत्तीको व्यवस्था गरिदिन आग्रह छ । 'यदि दक्ष जनशक्ति छैन भने कसरी हुन्छ व्यवस्थापन गरेरै भए पनि जनताको चाहनाअनुसार काम त गर्नै पर्‍यो नि,' , 'नत्र स्थानीय निकायको के काम ?'

**साबित्री कँडेल, वडा संयोजक : वडा नागरिक मञ्च भरतपुर-६**

फोहोर व्यवस्थापनको काम पनि त्यति चित्त बुझ्दो नभएन। समयमै फोहोर उठाउन नआउँदा प्रदुषण बढेको छ।

**निरमाया तामाङ, संयोजक : वडा नागरिक मञ्च वडा नं. १४**

उप-महानगरपालिकाभित्रका सडकहरु गुणस्तरहीन भएकोले नगरबासीको आँखामा छारो हाल्ने काम मात्रै भएको छ । गतवर्ष मात्रै पिच भएको बाटो अहिले पूरै उप्किएर हिँडिसक्नु छैन,' , 'बरु बजेट छैन भने, थोरै तर, गुणस्तरीय काम गर्नुतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ ।' कतिपय वडाहरुमा गुणस्तरीय सडक निर्माण गरे पनि उचित ढलको व्यवस्थापन नहुँदा त्यस्ता सडकहरु पनि छिट्टै बिग्रिने समस्या छ ।

**पवित्रा केसी, संयोजकः वडा नागरिक मञ्च भरतपुर-५**

नगरपालिकाले योजना छनौट गर्दा सबै वडाका वडा नागरिक मञ्चका संयोजक अथवा प्रतिनिधिहरुलाई राखेर कार्यक्रम गर्नु पर्छ।

**सुभद्रा श्रेष्ठ**

महिला स्वास्थ्य स्वयंसेविका लक्षित कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गर्नुपर्ने

महिला स्वास्थ्य स्वयंसेविकालाई नवजात शिशु सम्बन्धी तालिम प्रदान गर्नुपर्ने

महिला स्वास्थ्य स्वयंसेविकालाई परिचयपत्र उपलब्ध गराउनुपर्ने तथा उनीहरू को सेवा सुविधामा वृद्धि गर्नुपर्ने ।

**माया पाठक, महिला अधिकारकर्मी**

लक्षित महिला सशक्तिकरणकालागि प्राप्त हुने प्रस्तावहरू लाई प्राथमिकताको क्रममा अगाडि राखियोस्

**महेश बराल, कार्यकारी अधिकृत, भरतपुर उप-महानगरपालिका**

'कुनै-कुनै वडाहरुमा केही कमीकमजोरी भएकै होलान् ' तर, समग्र रुपमा हेर्दा हामीले सोचेअनुसारको काम गरेका छौं ।'

आर्थिक वर्ष २०७२/०७३ को भौतिक प्रगति विवरणअनुसार कूल योजना संख्या ३४१ मध्ये १८४ योजनाहरु सम्पन्न भइसकेको छ । यस्तै कूल विनियोजित रकम १९ करोड ८८ लाख रूपैयाँ रहेको मा ११ दशमलव २३ किलोमिटर सडक पिच (नयाँ निर्माण) भएको छ ।

सबैभन्दा ठूलो उपलब्धि स्वास्थ्य क्षेत्रमा भएको छ, 'फोहरमैला व्यवस्थापनका लागि पनि आवश्यक पूर्वाधार थप गरेका छौं ।'

लक्षित वर्गमा यथेष्ट कार्यक्रमहरू सञ्चालन भएका छन्, यसलाई निरन्तरता दिँदै सुधार समेत गर्दै लगिने छ ।

नगरपालिकाको दीर्घकालीन सोच "व्यवस्थित र उद्यमशील शहर" मा केन्द्रीत भएर सामाजिक परीक्षणको प्रतिवेदनमा सुझाव आउने अपेक्षा गरिएको छ ।

आगामी दिनमा सहभागीहरू बाट प्राप्त सुझाव तथा आवधिक योजनाले तय गरेका नीतिले निर्दिष्ट गरे बमोजिमका कार्यहरू भरतपुर नगरपालिकाबाट सम्पादन हुनेछन् । साथै, सामाजिक परीक्षणले औंल्याएका कमी कमजोरीहरू लाई भविष्यमा नदोहोरिने गरी सुधार गरिनेछन् ।

**अनुसूची २ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थित हुन पठाइएका पत्रहरु**

**अनुसूची ३ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा उपस्थित हुन प्रकाशन गरिएको सार्वजनिक सूचना**

**अनुसूची ४ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रमको उपस्थिति तथा माइन्युट**